पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३० अङ्क : ३८ २०७० वैशाख २७ गते शुक्रबार (May 10, 2013) मूल्य रू. ७/-

## दमन गरे हतियार उठाउने

काठमाडौं । नेकपा-माओवादीका उपाध्यक्ष सी.पी गजुरेलले आफनो दललगायत साना ३३ दलहरूले गर्ने शान्तिपुर्ण आन्दोलनलाई दमन गरीए हतियार उठाउने चेतावनी दिएका छन् । वैशाख २१ गते धनकुटामा क्रन्तिकारी पत्रकार सघंले आयोजना गरेको कार्यक्रममा गजुरेलले त्यस्तो दावी गरेका हुन ।

राष्ट्रिय सहमती गरेर मात्र आगामी मंसिरमा निर्वाचन हुन सक्ने बताउदै यदि चार दलीय सिन्डीकेट लागु गरेर मंसिरमा निकर्वाचन गर्न खोजे चुनाव हुन नदिने उदघोष गर्दै असारमडा गर्ने भनिएको निर्वाचन गराउने आँट चारदलीय सिण्डिकेटले नगरेको बताएका छन् । विदेशीको ईसारमा चारदल अगाडी बढेको र जनभावना विपरितका कार्य हुनु अगाडी बढाएको र जनभावना विवरितका कार्यहरू (बाँकी अन्तिम पेजमा)

# दलहरूमा बढेको तिक्तताले चुनाव अनिश्चित

काठमाडौं । सिण्डिकेट बनाएर सरकारमाथि 'सुपर सरकार' र राजामाथि 'महाराजा' बनेर बसेका माओवादी, कांग्रेस, एमाले र मधेसी मोर्चाबीच यतिविघ्न तिक्तता बढेका छ कि निर्वाचन समेत अनिश्चित बन्न पुगेको छ । निर्वाचन भइहाले पनि संविधान बन्छ भन्न सकिने लेसमात्र पनि सम्भावना छैन । हो, निर्वाचन भयो भने संवैधानिक सरकार चाहिँ बन्न सक्छ ।





कांग्रेस आफुले नजिते संविधान बन्दैन भनिरहेको छ । एमाओवादी, एमाले सिद्धिसक्यो, जनताले माओवादी कि कांग्रेसलाई मत दिनुपर्छ भनिरहेको छ । मधेसी मोर्चा चुनावी गठबन्धन, तालमेल र मधेसी मोर्चाबीच एकता खोज्ने प्रयास गर्दैछ । चुनाव हुनुपर्छ भनेर सबै भनिरहेका छन्, तर सबैको (बाँकी अन्तिम पेजमा)

## भीडतन्त्रले हार्‍यो

काठमाडौं । सर्वोच्च अदालतले मार्ग प्रशस्त गरेपछि उच्चस्तरीय राजनीतिक संयन्त्रले लोकमानसिंह कार्कीको नाम अख्तियार दूरूपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्तका लागि प्रस्ताव गर्नासाथ संवैधानिक परिषद्ले अनुमोदन गरेको थियो । जन आन्दोलन दबाउने मतियार, प्रतिगामी भनेर कान्तिपुर पब्लिकेशन र हिमाल मिडियाका कैलाश सिरोहिया र कनकमणि दिक्षितले अधिकारकर्मी उठाएर सडक तताए पनि राष्ट्रपति डा.रावमरण यादवले बुधबार कडा सुरक्षा घेराबीच शपथग्रहण गराएका छन् । ६ वर्षका लागि लोकमानसिंह कार्की अख्तियार प्रमुख बन्न सफल भएका छन् । (बाँकी अन्तिम पेजमा)

## भ्रष्ट र राजस्वमाराहरू कानुन विरुद्ध

अभियान संवाददाता

काठमाडौं । प्रधानन्यायाधीश खिलराज रेग्मी नेतृत्वमा चुनावी सरकार गठन गर्नु पूर्व नै चार राजनीतिक दल एमाओवादी, नेपाली कांग्रेस, नेकपा एमाले र मधेसी मोर्चा सम्मिलित चार दलीय उच्चस्तरी राजनीतिक संयन्त्रले लोकसेवा आयोग, निर्वाचन आयोग, महालेखा परीक्षक र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अध्यक्षमा क्रमशः कयोदेवी यमी, निलकण्ठ उप्रेती, भानुप्रसाद आचार्य र लोकमानसिंह कार्कीलाई नियुक्त गर्न सिफारिस गरेको थियो ।

रेग्मी नेतृत्वमा सरकार गठन भएपश्चात नेकपा एमालेको सिफारिसमा निकलण्ठ उप्रेती निर्वाचन आयोगका प्रमुखम नियुक्त भइ कामकागज समेत गर्न थालिसकेका छन् । त्यसै क्रममा उच्च राजनीतिक संयन्त्रको सिफारिस अनुसार खिलराज रेग्मी नेतृत्वमा रहेको संवैधानिक परिषद्को बैठकले राजनीतिक दलहरूकै सिफारिसमा सर्वसम्मत निर्णय गरी वैशाख २२ गते लोकमानसिंह कार्कीलाई अख्तियारको प्रमुख आयुक्तमा, कयोदेवी यमीलाई लोकसेवा आयोगको अध्यक्षमा र भानुप्रसाद आचार्यलाई महालेखा परीक्षकमा नियुक्त गर्न राष्ट्रपति कहाँ सिफारिसगरेको थियो । अख्तरिम संविधानमा व्यवस्था भएनुसार संवैधानिक परिषद्को सिफरिमा उनीहरूलाई राष्ट्रपतिले नियुक्त गर्नुपर्ने प्रावधान रहेको छ ।

पछिल्लो समयमा लोकमानसिंह कार्कीविरूद्ध स्वघोषित नागकिर अगुवाहरू र अन्य केही पक्षका व्यक्तिहरू (बाँकी अन्तिम पेजमा)

## सचिवका कारण भ्रष्टाचारी माथि कारबाही भएन

अभियान संवाददाता

काठमाडौं / काठमाडौं महानगर पालिकाले सूरू गरेको पुरानो बसपार्कमा निर्माण गरिने विवादास्पद टावरको विस्तृत छानविन गर्न अख्तियार दुरूप्रयोग अनुसन्धान आयोगले सकृयता देखाएको छ । महानगर पालिकाका कार्यकारी प्रमुख केदार बहादुर अधिकारीले तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईकी पत्नी नेतृ हिसिला यमीको ठाडो दवावमा प्रकृया नै सुरू नगरेको फर्मलाई टावर निर्माण गर्न स्वीकृत प्रदान गरेका थिए । अख्तियारले केही समय पहिला टेण्डर स्वीकृतीको कागजातनै शंकास्पद रहेको भन्दै समफौता नगर्न महानगर पालिकाका प्रमुखलाई निर्देशन दिएपनि प्रमुखले अख्तियारले कुनै त्यस्तो निर्देशन नदिएको भन्दै भ्फुठ बोलेर यमीलाई खुसी पार्न सुरू गरेका थिए । अख्तियारले प्रारम्भिक प्रतिवेदनका आधारमा संलग्न भएका कर्मचारीलाई कुनै कारबाही प्रकृया अगाडी बढाउन सकेको छैन ।

टावर निर्माण टेण्डर स्वीकृतीमा महानगरपालिका प्रमुख अधिकारी हिसीला यमीको रबर स्टयाम्प बनेको भन्दै तत्कालीन स्थानीय विकास मन्त्री (बाँकी अन्तिम पेजमा)



## राष्ट्रपतिले चिहान मागे

काठमाडौं । राष्ट्रपति डा.रामवरण यादवालाई अब मर्छु भन्ने लागेछ कि के हो उनले जनकपुरमा अत्याधुनिक चिहान बनाइदिन थाई राजदूतसँग आग्रह गरेका छन् । नेपालका राष्ट्रपतिले १३ अञ्चलका लागि केही नमाग्ने, तर जनकपुरमै 'चिहान' किन मागे । धेरैले अर्थपूर्ण रूपमा चर्चा गर्न थालेका छन् । थाइल्याण्डका राजदूत काङथोङ इनाकुनसँग (बाँकी अन्तिम पेजमा)

## नेपालको कानुन न्यायाधीश जानुन्

काठमाडौं । २०६८ चैत्र २१ गते ६८ लाख ८ हजार नक्कली भारूसहित पक्राउ परे भियतनामी नागरिक, फाम मान । उनका सहयोगी थिए, रामकृष्ण श्रेष्ठ । त्यसपछि पूर्पक्षमा राखिएका यिनीहरूलाई जिल्ला अदालत काठमाडौंले ३ करोड धरौटी माग गर्‍यो ? धरौटी नदिएर यिनीहरू जेल चलान भए ।

मुद्दा पुनरावेदन अदालत पुग्यो । पुनरावेदन अदालते २०७० वैशाख ११ गते सुनुवाई पछि फैसला गर्‍यो, धरौटी आवश्यक छैन, थुनामा राख्नु पर्दैन । जिल्ला अदालतले कसुर सदर गर्ने, पुनरावेदनले कसुर नै बदर गर्ने । जिल्ला अदालतले ३ करोड धरौटी माग्ने पुनरावेदनले उन्मूक्ति दिने । नेपालको कानुन न्यायाधीश नै जानुन् भएन त ? (बाँकी अन्तिम पेजमा)

## सत्यनिरूपण अध्यादेश संशोधन गर्न दबाब

काठमाडौं । डा.बाबुराम भट्टराई नेतृत्वको सरकारले अध्यादेश मार्फत् ल्याएको सत्य निरूपण तथा मेलमिलाप छानविन आयोग गठन गरेपनि विभिन्न दातृ निकाय सहयोग गर्न अनिच्छुक देखिएका छन् । भट्टराई सरकारले ल्याएको आयोगको गठन र त्यसको काम कर्तव्य र अधिकार माथि नै विभिन्न मावनअधिकार सम्बन्धी संघसंस्थाहरू र मानवअधिकार आयोगले समेत विरोध गरेपछि दातृ निकायहरू समेत सहयोग गर्न अनिच्छुक देखिएका हुन् ।

आयोग बनाउन ल्याएको अध्यादेश अन्तर्राष्ट्रिय मान्यता विपरित आममाफी र क्षमादान दिन सकिने प्रावधान राखिएको हुनाले दातृ निकायहरूले समेत सहयोग गर्ने सम्बन्धमा प्रश्न उठाएका छन् । आयोग बनाएर कार्य अगाडि बढाउँदा क्षतिपूर्ति, अनुसन्धान र विशेषज्ञ चयनमा ठूलो रकम खर्च हुने भएको हुनाले सरकारले उक्त रकमको लागि दातृ निकायहरूलाई सहयोग गर्न अनुरोध गरेको थियो । शान्तिकोष सचिवालय अन्तर्गतका कार्यक्रमहरूलाई डेनमार्क, युरोपेली युनियन, फिनल्याल्ड जमर्नी, नर्वे, स्वीट्जरल्यान्ड, अमेरिका, बेलायतलगायतका अन्य मुलुकहरूले सहयोग गर्दै आएका छन् । सरकारद्वारा जारी अध्यादेशमा पीडितलाई निःशुल्क शिक्षा, स्वास्थ्योपचार, निर्ब्याजी ऋण, बसोबास, रोजगारी लगायतका सुविधा दिने उल्लेख, गरिएपछि यी अवाश्यकता पुरा गर्नका लागि दातृ निकायको सहयोग अनिवार्य जस्तै भएको छ । तर अध्यादेशमा पीडितलाई सोध्दै नसोधी पनि पीडकलाई क्षमादान र माफी दिन सकिने प्रावधान राखिएको हुनाले दातृ निकायहरूले सहयोग गर्न चाहिरहेका छैनन् ।

सरकारले अध्यादेश संशोधन गरी अध्यादेशमा राखिएका कतिपय प्रावधनहरू नहटाइएको खण्डमा आफूहरूले सहयोग गर्न नसक्ने धारणा दातृ निकायहरूले सरकार समक्ष राखि सकेका छन् । गत हप्ता मात्र स्वीस राजदूतले शान्ति मन्त्रालय अन्तर्गत पर्ने शान्ति कोषका पदाधिकारीहरूसँग (बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं । – *अभियानवाणी*

अभियान साप्ताहिक

## सम्पादकीय

# विरोधको औचित्य नै रहेन ?

*केही दिन अगाडि संवैधानिक परिषद्ले केही संवैधानिक नियकामा नियुक्ति गर्न सिफारिस गरेका ब्यक्तिहरुका विरुद्ध तथाकथित मानवअधिकारवादी र केही कानुन ब्यवसायीहरु सडक आन्दोलनमा उत्रिएर लोकतन्त्रलाई भाँडतन्त्रमा परिणत गर्ने प्रयास गरिरहेका छन् । कुरा हो पूर्वमूख्यसचिव लोकमानसिंह कार्कीलाई संवैधानिक परिषद्ले अख्तियार दुरुपयोग अनुसन्धान अयोगको प्रमुख आयुक्तमा नियुक्ति गर्न राष्ट्रपति डा.रामवरण यादवलाई सिफारिस गरेको थियो । बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मी नेतृत्वको सरकारलाई चार दलीय सिण्डिकेटले अख्तियार, महालेखा परीक्षक र लोकसेवा आयोगका प्रमुखमा नियुक्त गर्न सिफारिस गरेनुसार नै संवैधानिक परिषद्ले निर्णय गरी नियुक्तिका लागि राष्ट्रपति कहाँ पठाएको थियो ।*

*चार दलीय सिण्डिकेटमा एमाओवादी, कांग्रेस, एमाले र मधेसी मोर्चा सम्मिलित छन् । यिनै चार दलको उच्चस्तरीय सिण्डिकेटका प्रमुखहरु पुष्कमल दाहाल, सुशील कोइराला, झलनाथ खनाल र विजयकुमार गच्छदारले लिखित सहमति गरी संवैधानिक निकायमा नियुक्तिको लागि नामहरु सिफारिस गरेका थियो । नेपालका राजनीतिक दलहरुले पहिला सहमति जनाउने अनि पछि गल्ती भयो भन्दै फोरि दोस्रो तहका नेताबाट विरोध गराउने प्रवृत्ति देखिएको हुनाले राजनीतिक दलहरुको विश्वासनीयता माथि नै शंक उत्पन्न भएको छ । एमाले अध्यक्ष झलनाथ खनाल पछिल्लो समयमा पिँध नभएको लोटा जस्ता भएका छन् । लोकमानसिंह कार्कीको नाम अध्यक्ष खनालले नै उठाएको एमाओवादी अध्यक्ष दाहालले प्रष्ट पारेका छन् । आफैंले उच्चस्तरीय राजनीतिक संयन्त्रमा कुरा उठाएर लिखित सहमति जनाउने खनालले आफ्नो पार्टीत्रि कुनै छलफल र बहसै नगरी सहमति जनाएको भन्दै पार्टीका दोस्रो तहका नेताहरुले विरोध जनाएपछि अहिले आएर कार्कीविरुद्ध खनिनु खनालको गैर राजनीतिक चरित्र प्रदर्शन गर्नु बाहेक अन्य केही हुन सक्दैन ।*

*आफूलाई ठूलो मिडिया हाउसका मालिकहरु सम्झिने र आफूलाई मन नपरेका मान्छेहरु कहिँकतै नियुक्ति हुन सक्ने सम्भावना बढेपछि मिडिया हाउसहरु नै सडकमा उत्रने नेपालमा नौलो प्रक्रिया शुरु भएको छ । खास गरेर २०६२/०६३ को जनआन्दोलनपछि नेपालमा विधिको शासन होइन भीडतन्त्र तर्फ मुलुक उन्मूख हुँदै गएको छ । भीडतन्त्रले शासन गर्ने भए मुलुकमा संविधान, ऐन, कानुनको अवाश्यकता नै किन ? केही ठूला मिडियाका प्रथम पृष्ठका पानाहरु अहिले लोकमानसिंह कार्कीकै विरोधमा भरिएका छन् । सोमबार राष्ट्रपति डा.रामवरण यादवलाई ज्ञापन पत्र बुझाउन कथित नागकिर समाजका आगुवाहरु मध्येका कैलाश सिरोहिया र कनकमणि दक्षितले मोबाइल मार्फत् हजारौं ब्यक्तिलाई एसएमएस गरेर भीड जम्मा पार्ने प्रयास गरेका थिए । कनकमणि दिक्षित र सिरोहियाद्वारा एसएमएस पठाएका ब्यक्तिहरु सितल निवास पुगेपछि चकित परेको त्यहाँ उपस्थित भएका ब्यक्तिले बताएका छन् ।*

*लोकतन्त्रमा अब कैलाश सिरोहिया र कनकमणि दिक्षितको अनुमति बेगर कहिँकतै नियुक्त हुने सम्भावना न्यून रहेको एक ब्यक्तिको भनाई रहेको छ । केही मिडिया हाउसलाई मन नपरेको ब्यक्तिहरु नियुक्ति हुन सक्ने भएकाले जतिपैसा खर्च गरेर पनि उनीहरुका विरुद्ध सडकमा उत्रन तयार देखिनुले लोकतन्त्रकै उपहास भएको छ । लोकतन्त्र भनेको विधिको शासन हो । संवैधानिक परिषद्ले छानविन गरेरै कार्कीलाई अख्तियारको प्रमुखमा नियुक्त गर्ने निर्णय गरी राष्ट्रपति कहाँ सिफारिस गरेको हो । संवैधानिक परिषद्मा सर्वोच्च अदालतका प्रधानन्यायाधीशसमेत सदस्य रहने भएको हुनाले प्रधानन्यायाधीशले सहमति जनाईसकेका ब्यक्तिलाई भीडतन्त्रले नियुक्ति प्रक्रियामा बाधा अवरोध सिर्जना गर्न खोज्नु कानुनी राज्यको ठाडो उपहास हो । संवैधानिक परिषद्ले सिफारिस गरेका गरेका ब्यक्तिलाई राष्ट्रपतिले नियुक्ति नगरेको भए संवैधानिक परिषद्लगायत सर्वोच्च अदालतको समेत अनास्था हुने थियो ।*

# रायमाझी आयोगले बुझाएको प्रतिवेदन नै दोषी

देवेन्द्र चुडाल

प्रमुख दल भनिएका एकीकृत नेकपा माओवादी, नेपाली कांग्रेस, नेकपा एमाले र मधेशवादी दलहरूको संयुक्त मोर्चाले लिखित सहमति गरेर बहालवाल प्रधानन्यायाधीश खिलराज रेग्मी नेतत्वमा सरकार गठन गर्ने निर्णयसँगै संवैधानिक निकायका प्रमुखहरूमा समेत नियुक्ति गर्ने निर्णय गरेका थिए । लिखित सहमति गर्नेहरूमा एमाओवादीका अध्यक्ष पुष्पकमल दाहाल, कांग्रेस सभापति सुशील कोइराला, एमाले अध्यक्ष झलनाथ खनाल र मधेसी मोर्चाका संयोजक विजयकुमार गच्छदार नै हुन् । यिनै चार दलको नेतृत्वमा उच्चस्तरीय राजनीतिक संयन्त्र समेत निर्माण गरिएको र महिनैपिच्छे संयन्त्रको नेतृत्व यिनै चार दलका नेताहरूले गर्ने गरेका छन् । संवैधानिक निकायमा समेत यही संयन्त्रको सिफारिस अनुसार संवैधानिक परिषद्ले निर्णय गर्ने गरेको छ । उच्चस्तरीय राजनीतिक संयन्त्रले संवैधानिक निकायका प्रमुखहरूमा नियुक्ति गर्न सिफारिस गरेअनुसार संवैधानिक परिषद्ले सोही अनुरूपको नियर्णय गरेर लोकसेवा आयोगको प्रमुखमा कयोदेवी यमी, अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रमुखमा पूर्वमूख्यसचिव लोकमानसिंह कार्की र महालेखा परिक्षकमा पूर्वसचिव भानुप्रसाद आचार्यलाई नियुक्त गर्ने निर्णय गरी नियुक्तिको लागि राष्ट्रपति कहँ नाम सिफारिस गरेको हो । स्मरणरहोस्, संवैधानिक निकायमा संवैधानिक परिषद्को सिफारिस अनुसार राष्ट्रपतिले संवैधानिक निकायका प्रमुखहरूलाई नियुक्त गर्नुपर्ने व्यवस्था नेपालको अन्तरिम संविधान २०६३ ले गरेको छ ।

राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिस अनुसार नियुक्ती गर्नुपर्ने वाध्यात्मक व्यवस्था भएपनि दलहरूले पहिला सहमति गर्ने अनि पछि आफ्ना भातृसंगठनहरूबाट विरोध गराउने प्रवृत्ति भएको हुनाले लोकमानसिंह कार्कीको विरूद्ध अहिले सडक आन्दोलन भएको छ । दलहरूले हतार हतारमा निर्णय गर्ने र फुर्सदमा त्यसको विरोध गर्ने प्रवृत्ति देखिएको हुनाले दलहरूको विश्वसनीयता माथि अनेक प्रकारका शंका उपशंका जन्मिएका छन् । उच्चस्तरीय राजनीतिक संयन्त्रले सिफारिस गरेनुसार संवैधानिक परिषद्ले निर्णय गरी यस अघि निर्वाचन आयोगमा पदाधिकारीहरू नियुक्त भइसकेका छन् । पछिल्लो सयमा संवैधानिक परिषद्ले सर्वसम्मत निर्णय गरी लोकसेवा आयोग, महालेखा परीक्षक र अख्तियारका प्रमुखहरू नियुक्त गर्न राष्ट्रपति कहाँ सिफारिस पठाएपछि उच्चस्तरीय राजनीतिक संयन्त्रमा रहेका दल र तिनै दलका शीर्ष नेताहरूले आफैंले गरेको सिफारिस विरूद्ध अनेक प्रकारका टिकाटिप्पणी गर्नु राजनीतिक दल र शीर्ष नतोको अकर्मण्यता र नालयाकीपन बाहेक अन्य केही हुन सक्दैन । खिलराज रेग्मीलाई समेत उच्चस्तरीय राजनीतिक संयन्त्रले निर्णय गरेर मन्त्रिपरिषद अध्यक्ष बनाएको र त्यही मन्त्रिपरिषदले उच्चस्तरीय राजनीतिक संयन्त्रको निर्णय अनुसार नियुक्तिका लागि सिफारिस गरेका व्यक्तिहरूको विरोध गर्नु स्वयम् आफुले आफ्नै विरोध गर्नु मात्र हो । अहिले केही दलका नेताहरूले लोकमानसिंह कार्कीलाई कृष्णजंग रायमाझीको अध्यक्षतामा गठन भएको उच्चस्तरीय जनआन्दोलन छानविन समितिले दोषी ठहर गरेको र अख्तियार दुरूपयोग अनुसन्धान आयोगले समेत कार्कीलाई दोषी ठहर गर्दै भविष्यमा कुनै पनि सरकारी सेवाका लागि अयोग्य भएको निर्णय गरेको छ भनेर केही स्वघोषित मानवधिकारवादीहरूले लगाएको आरोपमा कुनै तुक छैन । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले २०६५ असार ३० गते कार्कीको विषयमा केही गर्नु नपर्ने निर्णय गरेको अहिले पनि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा सुरक्षित रहेको हुनाले त्यस्तो आरोप लगाउनेहरू कसको हित र बहकाउमा लागेका छन् भन्ने विस्तारै प्रमाणित हुँदै जानेछ । दलहरूबीच सहमति भई संवैधानिक परिषद्ले निर्णय गरी नियुक्तिका लागि सिफारिस गरेका व्यक्तिहरूलाई राष्ट्रपतिले नियुक्ती गर्नु बाहेक राष्ट्रपतिसँग अर्को विकल्प थिएन् । कार्यकारी अधिकार प्राप्त व्यक्तिको अध्यक्षतामा सर्वोच्च अदालतका कामु प्रधानन्यायाधीश समेत सदस्य रहेको संवैधानिक परिषद्ले गरेको निर्णयलाई सेरेमेनियल राष्ट्रपतिले परिवर्तन गर्न र यसो गर उसो गर भन्ने अधिकार नेपालको अन्तरिम संविधानले राष्ट्रपतिलाई नदिएको हुनाले सबै दोष र गुणको भागी स्वयम् मन्त्रिपरिषद् नै हुन्छ । राष्ट्रपतिले सवैधानिक परिषदले गरेको नियुक्ति रोक्न खोज्नु र अनेक विकल्पहरू खोज्न थाल्नु भनेको आगमी मंसिरमा समेत निर्वाचन हुन नदिनु मात्र हो । के राष्ट्रपति डा.रामवरण यादव त्यस्तो कलंक बोक्न तयार छन् त ? अहिलेको जटिल प्रश्न भनेको यही हो । यस अघि पनि राष्ट्रपतिले पुष्पकमल दाहाल प्रधानमन्त्री भएका बेला लोक सेवा आयोगमा पदाधिकारीहरू नियुक्ती गर्दा संविधानको बर्खिलाप गरिरहेका छन् । तर अहिले संविधानको बर्खिलाप हुने कार्य संवैधानिक परिषद् र मन्त्रिपरिषद्ले नगरेको हुनाले संवैधानिक परिषद्को निर्णय जतिसक्दो छिटो कार्यान्वयन गरेर पहिला आफूले गरेका गल्ती सच्चाउने कार्य राष्ट्रपतिले गरेका छन् ।

उच्चस्तरीय राजनीतिक संयन्त्रले गरेको सिफारिसलाई रेग्मी सरकारले कार्यान्वयन मात्र गर्न खोजेको हो । पहिला आफैं सिफारिस गर्ने अनि पछि आफैं विरोध गर्ने दलका शीर्ष नेताहरूले कुन मुखले त्यस्तो विरोध जनाउन खोजेका हुन् त्यो प्रष्ठ हुन आवश्यक छ । नेकपा एमालेका अध्यष झलनाथ खनाल र नेपाली कांग्रेसका सभापति सुशील कोइरालाले नेपाली जनता सामु प्रष्ठ रूपमा भन्न सक्नु पऱ्यो, उच्चस्तरीय राजनीतिक संयन्त्रमा उनीहरूले किन लिखित सहमति गरे ? पार्टी नेतृत्व भनेको अध्यक्ष र सभापति कै नेतृत्व हो । आफूले सहमति जनाएका विषयमा पार्टीलाई विश्वास दिलाउन नसक्नु अध्यक्ष, सभापतिको असफलता भएको हुनाले नैतिकताको आधारमा उनीहरूले पार्टी नेतृत्वबाट किन राजिनामा नदिने ? के उनीहरू त्यसका लागि तयार छन् ? लिखित सहमति गर्दा उनीहरूका कुन अवस्थामा थिए । संवैधानिक परिषद्ले गरेको सिफारिस फिर्ता भएको भए खिलराज रेग्मी नेतृत्वको सरकरको औचित्य नै रहने थिएन । किन निर्वाचनको आवश्यकता ? कामु प्रधानन्यायाधीश समेत सदस्य रहने संवैधानिक परिषदको अवाश्यकता नै किन ? भीडतन्त्रले राज्य संचालन र निर्देशन गर्ने भए, संविधान, ऐन, कानुनको औचित्य के ? यी तमाम प्रश्नहरूको उत्तर कहा खोज्ने ? कथित मानवअधिकारवादी भन्नेहरू विभिन्न समयमा भएका भ्रष्टाचारका विषयमा किन मौन रहे । कार्कीविरूद्ध यस्तो निर्णय भएको छ भनेर जनतालाई सडकमा उत्रन आव्हान गर्ने दलहरूले किन निर्णयको कपि सर्वाजनिक गर्न सक्दैनन् । सत्य आखिरी सत्य नै हुन्छ । सत्यलाई लुकाउन खोजे पनि लुकाउन सकिँदैन । एउटा आयोगले दोषी ठहराएको व्यक्ति भन्दै कार्कीका विरूद्ध खनिने व्यक्तिहरूले त्यही आयोगले दोषी ठहराएका हालका केही सचिवहरूलगायत नेपाल प्रहरी, नेपाली सेनामा रहेका व्यक्तिहरूको बढुवा हुँदा कुन दुलामा लुकेका थिए । रायमाझी आयोग पूर्वाग्रहले पीडित भएर गठन गरिएको आयोग थियो, त्यही कारण तत्कालिन सरकारले रायमाझी आयोगले दिएको प्रतिवेदन सर्वाजनिक समेत नगरी कुनै पनि निणर्य नगरी दराजमा थन्काएको थियो । कुनै संवैधानिक हैसियत नभएको आयोगले दोषी भनेर नाम उल्लेख गर्दैमा कोही दोषी

बाँकी ४ पेजमा

# देशको माया नगर्नेले अरूको पनि माया गर्दैन



राजन कार्की

०६२-६३ को जनआन्दोलनको सफलताको रामान्टिक आकर्षण समाप्त भइसक्यो । इन्द्राशनमा भष्मासूर बस्न पुगेपछि घर जलाएर आगो ताप्ने काम हुन्छ भन्ने उदाहरण बिगत ७ वर्षको कालखण्ड पर्याप्त रह्यो । वीपीपछि कांग्रेसमा, मदन भण्डारीपछि एमालेमा भिजन भएका कोही निस्केनन् । प्रचण्ड त चटके हुन्, उनको चटक अहिले पनि चलिरहेको छ । चटकेले चमत्कार गर्दैनन् । वाइरन भन्थे- जसले देशको मायाँ गर्दैन, उसले अरू कसैको पनि मायाँ गर्दैन । नेतालाई भगवानको अवतार मानेका आम जनता यतिखेर आत्मपीडाले क्षतविक्षत भएर कस्ता नेताको भर गरिएछ भनेर यतिखेर छटपटीमा परेको देखिदैछ । तर साइलेन्ट किलरहरू जनताको साइलेन्ट क्राई सुनिरहेका छैनन् ।

प्रधानन्यायधीशलाई सिंहदरवारमा बिराजमान गराउँदा पनि बिधिसम्मत नियुक्ती नहनुसक्ने रहेछ भन्ने उदाहरण अख्तियारमा लोकमान सिंह कार्कीको सिफारिस बन्नपुग्यो । चार शीर्ष दलको चयन र प्रधानन्यायधीश-मन्त्रिपरिषदको अध्यक्षको नेतृत्वमा बसेको संवैधानिक परिषदको स्वीकृति अन्ततोगत्वा निर्वाचनको वातावरण बन्नुपर्ने बेलामा तिक्तताको उत्पादन र सडकमा पुतला दहनको धुवाँ उत्सर्गनको कारण बन्यो । नेपाल एयरलाइन्सले हङ्कङ् लगायतका समुद्रामाथिबाट उड्नुपर्ने क्षेत्रहरूमा उडान गर्न रोक लगाउन बाध्य भयो । कारण के परेछ भन्दा समयमै १५ लाखको लाइफ ज्याकेट किन्न नसकेर रहेछ । त्यसै पनि रसातलतिर भास्सिदै गएको नेपाल एयरलाइन्स, १५ लाखको लाइफ ज्याकेट किन्न नसकेर ठाडै ३ करोड घाटा खानपुगेछ । हामी कस्तो व्यवस्थापन छान्दो रहेछौं र कस्तो व्यवस्थापन गरिरहेका छौं । यो सानो उदारहणमात्र हो ।

विकासको खुबै डिङ हाँक्छौं हामीहरू । जम्माजम्मी ३० महिनामा निर्माण सम्पन्न गरेर उत्पादन सुरू गर्ने भनी २०५९ सालमा ४.५ मेगावाटको मेलम्चीमा उत्पादन गृह डिजाइन भएको इन्द्रावती जलविद्युत आयोजना सुरू गरियो । ९० करोड खर्च हुने यो योजनाको ठेक्का चाइनिज पिङ ज्याङ कम्पनीलाई दिइयो र केही महिनाभित्रै ६४ करोड खर्च गरियो । यो योजनामा वाणिज्य वैंक, नेपाल वैंकहरूको समेत लगानी छ । त्यसपछि सुतेको यो योजना आज २०७० साल वैशाख अर्थात ११ वर्ष हुँदासमेत उठ्न सकेको छैन । किन ? कसको कमजोरीले ? विद्युत विकास विभाग अथवा नेपालका जलविद्युत आयोजनाका ज्ञाताहरू कोही पनि बोल्दैनन् । २०११ मै मेलम्चीको खोलालाई सुन्दरीजलमा झारेर राजधानीमा छेलोखेलो पानी वितरण गर्ने मेलम्ची खानेपानी आयोजना पूरा हुन २०१६ सम्म कुर्नु पर्ने भएको छ । त्यसमा पनि चाइनिज ठेकेदारले सुरूङ खन्ने काम छोडिसकेको छ, नयाँ ठेकेदार नियुक्त हुनसकेको छैन । हाम्रो विकासको गतिको एक झलक हो यो ।

अव आयो निर्वाचन र निकासका कुरा । २०६४ साल चैत २८ गते संविधानसभाको निर्वाचन सम्पन्न भयो । २ वर्षको आयु लिएर जन्मेको संविधानसभा ४ वर्ष बाँचेर २०६९ साल जेठ १४ गते दिवंगत भयो । शीर्ष दलहरू र ६०१ सभासदहरू मौन मलामी त गए, कसैले राम राम सम्म पनि भनेनन् । फेरि संविधानसभाको निर्वाचन गर्नुपर्छ भन्ने राजनीतिक सहमति बन्यो र असारमा गर्ने भनिए पनि कात्तिक-मंसिरमा निर्वाचन गर्ने भनेर प्रधानन्यायाधीशको नेतृत्वमा मन्त्रिपरिषद गठन गरिएको छ । तर, बिबाद उही छ- कुन पद्धतिमा जाने, कस्तो संघीयता, राज्यपुनर्संरचना कसरी गर्ने ? आदि आदि । यी विवादमा बहस चलेकै छैन । काँचो वायु छड्केजस्तो निर्वाचन हुन्छ, हुन्छ भन्ने र हावादारी रूपमा संविधानसभाको निर्वाचन अव रोकिनन भन्ने भाषण चर्कै सुनिन्छ । भावी नेपालको राष्ट्रिय नीति, खाका यस्तो हुन्छ भनेर कुनै दलले सार्वजनिक गरेका छैनन् । त्यसकारण पनि निर्वाचन हुन्छ भन्ने कुरामा दम देखिन्न । निर्वाचन भइहाल्यो भने पनि बैधानिक सरकार जन्मेला, संविधान जन्मन्छ भन्न सकिन्न ।

शीर्ष नेता हुँ भनेर दम्भ गर्ने प्रचण्ड एमाले सिद्धिसक्यो भन्छन् । एमाले प्रचण्डलाई राँची लगिहाल्नु पर्छ भनेर जवाफ फर्काए । सुशील कोइराला कांग्रेसले नजिते संविधान बन्दैन भन्न थालेका छन् । अर्थात् फेरि खुट्टा तान्ने प्रवृत्त बढेर गयो । फेरि मन कुढाएर बोल्ने, लाञ्छित गरेर गर्व गर्ने, एकदोस्राप्रति आक्षेप-कटाक्षेप गरेर आत्मशान्ति लिने प्रवृत्ति विकास भइसकेको छ । नेताहरूलाई चुनाव लागेजस्तो देखिन्छ तर यो तातो एकापसमा गालीगलौजको स्तरमा मात्र देखिन्छ । जसको कारण राजनीतिक दलका कार्यकर्ता र आम जनतामा बढेको नैराश्यतालाई हटाउन सफल भइरहेको छैन । घामजत्तिकै छर्लङ्ग सत्य के हो भने निर्वाचन भए वा नभए पनि राजनीतिक सहमति बिना राजनीतिक समस्याको निकास सम्भव छैन । खुट्टा तान्ने प्रवृत्तिले भिडन्तलाई निम्त्याउँछ, निकास निस्कन्न । बुद्ध मै हुँ, पृथ्वीनारायण शाह पनि मै हुँ भन्दैमा जनताले नपत्याइदिएपछि तोलाको बचन खोलामा गएन ? यति हेक्का पनि नराख्ने नेताले राजनीति गर्छु भन्नु भनेको 'हात्त तन्काएर मसल फुलाएजस्तो'मात्र हो । आजको नेपालमा पनि 'साच्चा पहलमानी' चल्ला र ?

वर्तमान राष्ट्रिय राजनीतिको आवश्यकता भनेको- प्रचण्ड, सुशील र झलनाथजस्ता १० जना नेता पार्टीमा सम्मानित भएर बस्ने र युवाहरूलाई सक्रिय राजनीतिको ढोका खोलिदिने हो भने लोकतन्त्रमा चारचाँद चम्कन्थ्यो । सुकिलामुकिला भएर सम्भ्रान्त जीवनयापनका लागि यिनलाई पेन्सनको व्यवस्था गरिदिए पनि हुन्छ । असफल हुने अनि ठाउँ पनि नछोड्ने, बुढो गोरूले गाई ओगटेजस्तो । यही हो माओको लोकतान्त्रिक केन्द्रीयता अथवा जयप्रकाश नारायणको समाजवाद ? घुम्दैफिर्दै रूम्जाटार, गाली राजनीतिमा अस्तव्यस्तता- यसरी त विधि र व्यवस्थापन, निर्वाचन र निकास केही पनि निस्कदैन । न त लोकतान्त्रिक संस्कार जन्मिन्छ, न लोकतन्त्र नै संस्थागत हुनसक्छ ।

**बुद्ध मै हुँ, पृथ्वीनारायण शाह पनि मै हुँ भन्दैमा जनताले नपत्याइदिएपछि तोलाको बचन खोलामा गएन ? यति हेक्का पनि नराख्ने नेताले राजनीति गर्छु भन्नु भनेको 'हात्त तन्काएर मसल फुलाएजस्तो'मात्र हो । आजको नेपालमा पनि 'सच्चा पहलमानी' चल्ला र ?**

जनआन्दोलनमा देखिएको जनउर्जा कहाँ गएछ ? नेताहरू सत्तामाद लागेर लठ्ठ छन्, त्यो उर्जा मरीच चाउरिएजसरी शान्त छ । जनउर्जा जिवन्त भएन भने राष्ट्रिय जीवन मूर्दासरि हुन्छ । राष्ट्रिय जीवन सक्रिय नहुनु भनेको विधि र व्यवस्थापन, निर्वाचन र निकासशून्य हुनु हो । नेपाल त्यही विन्दूमा छ, जहाँबाट नयाँ नेपालको गन्तव्यको यात्रा प्रारम्भ गर्नुपर्थ्यो । आज पनि युवा जमात बेला बेलामा प्लेकार्ड बोकेर सडकमा निस्किरहेको छ- दण्डहीनताको अन्त्य गर, मानवाधिकारको रक्षा गर । अकुपाई बालुवाटार अभियानले मात्र पनि राजनीतिक नेताहरूलाई लज्जित पार्नुपर्ने हो, तर, नैतिकता नै नभएपछि के लोकलाज ? के इज्जत ? लोकतन्त्र यसरी दुबैतिर प्वाल परेको पुङमाङ् बन्नु भनेको हाम्रो बिगत, वर्तमान र भविष्यमा समेत आघात पार्नु हो । के के न चमत्कार गर्लैन् भनेको त, नेताहरूले आफ्नो अनुहारलाई समेत उज्यालो बनाउन सकेनन् । आज देशभरिमा एकजना पनि नेता सम्मान गर्न लायक छ भनेर भन्न सकिने अवस्था छैन ।

कृषि प्रधान देश नेपालमा गतवर्ष ११ अर्वको भटमासको तेल खपत भएछ । दातृराष्ट्रले दिएको दानमा विकास आयोजना सञ्चालन गर्ने हाम्रो देशमा ७० अर्वको पेट्रोलियम पदार्थ आयात भएछ । गरीवको २६औं मुलुक नेपालमा १९ अर्वको सून आयात भएछ । मुस्ताङमा स्याउ कुहिएर गइरहेछ, हामी जर्मनको प्याज, चीन र इजरायलको स्याउ आयात गरेर स्वाद फेरिरहेका छौं । गेडागुडी मलेसियाबाट, सनफ्लावर साउदीबाट मगाइरहेका छौं । प्रत्येक दिन हजार, पन्द्रसय युवायुवतीको लर्को विदेशीदै छ । सबैको मुखमा एउटै कुरो छ- काम छैन, किन बस्ने यहाँ ? यो देशको भविष्य छैन । के हो यो ? सकभर स्वदेशमै बस्नुपर्छ, देशको भविष्य छ भनेर देखाउने जिम्मा रानजीतिक नेताहरूको होइन ? खाडीदेखि इजरायलसम्मका गल्लीगल्लीमा नेपाली युवायुवतीहरू जवानीमै 'पागलजस्ता' र कति त 'पागल' नै भइरहेका छन् । नेपालबाट मेनपावरले बेच्छ, विदेश पुगेपछि दलालले बेच्छ । नेपाली युवायुवती बस्तु भएका छन् । त्यो दर्दनाक दृश्यले देश हाँक्नेहरूलाई किन पीडा हुँदैन ? कि सत्ता र सत्ताका करिडरमा बस्नेहरूभित्र मानवीयता मरिसक्यो ? हामी जसरी राजनीतिक मतभेद र मनभेद लिएर मल्लयुद्ध गरिरहेका छौं, यसको सिधा असर उद्यम, उत्पादन, निर्यात र आत्मनिर्भरतामाथि खेलाँची गरिरहेका छौं । जबसम्म सहमति, समझदारी, समता र बिधिमा विश्वास गरेर अघि बढ्ने नैतिक चरित्र हामीले विकास गर्नेछैनौं, देश यसैगरेर युवाशक्ति निर्यात गरेर रेमिटान्स भित्र्याउने अर्थतन्त्रमा निर्भर रहनेछौं । रेमिटान्स अर्थतन्त्र भनेको टेको लगाएको घरजस्तै हो, यो जुनसुकै बेला गर्लामगुर्लुम ढल्नसक्छ ।

अर्थात्, चार दलले देशलाई बन्धक बनाएको छ, बर्बाद पारिरहेको छ । 'साइलेन्ट किलर' हो चार दलीय संयन्त्र । जनताको 'साइलेन्ट क्राई' नाक, कान, आँखा, मुख थुनेर बसेको यो संयन्त्रले सुनिरहेको छैन । लोकतन्त्र चार दलीय संयन्त्रको 'तोकतन्त्र' बनेको छ, जुन तोकादेशको पालना खिलराजको सरकारले इमान्दार खेतालाले झैं पालना गरिरहेको देखिन्छ । ३३ दल विमति प्रकट गरिरहेको छ र यो संयन्त्र खिलराजको काँधमा बन्दूक तेर्स्याएर 'ठोकतन्त्र' चलाउने रणनीति अख्तियार गर्दैछ । युद्धमा त कौशल चाहिन्छ, रणनीतिले मात्र लडिन्न, यो त निर्वाचन हो । निर्वाचन र संविधान निर्माणका लागि रणनीति होइन, सहमति मृतसञ्जिवनी हुन्छ । मृतसञ्जिवनी बुटीको प्रयोग गर्नुपर्छ भन्ने थाहा हुँदाहुँदै पनि चारदलीय संयन्त्र 'तोक र ठोक'मा खिलराजलाई 'सुपारी दिएर प्रयोग गर्ने आपराधिक गुण्डा' प्रयोग गरेझैं प्रयोग गर्न कम्मर कसेर लागेका छन् । जसको दुस्प्रभावको छिटाले अन्ततोगत्वा यही संयन्त्र गनाउने र बदनाम हुने निश्चित छ । हतारमा गल्ती गर्ने र फुर्सदमा पछुताउने भूल नगर्ने हो भने विधि र व्यवस्थापन, निर्वाचन र निकास निस्कने सकारात्मक सोच र उदार सहमतिको भाव लिएर चार दलीय सिन्डिकेटले आफूलाई 'कथित अलौकिकबाट लौकिक'मा परिवर्तित गर्न जरूरी छ ।



# Sarabjit Singh: Death of an Indian spy and terrorist

*Zaheerul Hassan*

49 years old Indian terrorist and RAW Spy Sarabjit Singh died of cardiac arrest at Jinnah Hospital Lahore late on Thursday after being comatose for nearly a week following an assault by other inmates identified as Rizwan and Amir who attacked Sarabjit — were on the death row. His mercy petitions were rejected by the courts and former President Pervez Musharraf.

According to Mahmood Shaukat the doctor on duty, head of a medical board that was supervising Sarabjit's treatment, he received a call from the doctor on duty (at Jinnah Hospital) at 1 am (1:30 IST) informing me that Sarabjit is no more. He also added that Singh died of cardiac arrest, despite doctors several unsuccessful attempts to resuscitate him. The officials of the Indian High Commission in Islamabad said they had been informed by officials of Jinnah Hospital about Sarabjit's death. However, the authorities were yet to decide on conducting an autopsy on Sarabjit's body.

Rizwan and Amir reportedly told the investigators that they had attacked Sarabjit because he had allegedly carried out bomb attacks in Lahore and killed many innocent people and left several other injured.

Later, the Kot Lakhpat Police registered a case against two prisoners under the offence of murdering Sarabjit.

Singh was convicted for his involvement in serial bomb blasts in Lahore and Faisalabad in 1990. In these bomb blasts 14 innocent individuals were killed and several injured. He also confessed of carrying out the bomb blasts as directed by RAW. Therefore, basing on his confessional statement in the courts, he was awarded death sentence in 1991. The relatives of victims of Indian Spy's terrorism have many times demanded his speedy trial and hanging in the case of brutally killing innocent Pakistanis.

Sarabjit's wife Sukhpreet Kaur, daughters Poonam and Swapandeep Kaur and sister Dalbir Kaur, reached Lahore on April 28 on a 15-day visa – but abruptly cut short their visit and returned to India citing the poor health of one of Sarabjit's daughters as the reason. Reportedly, Sarabjit's sister Dalbir Kaur returned to India to campaign for her brother's release.

From the entire episode, starting from blasts and subsequent killings of Sarabjits, one can conclude how painful for a family is to hear the news of the death of their loved ones (whether it is the Singh's family or the families of his bomb blasts victims).

In fact, Indian Intelligence has deliberately selected and launched an individual from Sikh community for carrying out bomb blasts in neighbouring Pakistan. In this regard RAW's likely objectives were to foment terrorism in Pakistan and at the same time to pitch Muslim and Sikh community against each other. It was a classic eye opener case that reveals the true Hindutva mindset of Indian elite. Devender Pal Singh death sentence does endorse my observation about prevailing extremism in Hindu community. Indian media always becomes vibrant against Pakistan but is deadly quite over Indian Supreme Court awarding death sentence to Devender Pal Singh and hanging of Afzal Ghru and his illegal burial in Jail courtyard.

Notably, on 12 April 2013, India's Supreme Court ordered the execution of Devender Pal Singh Bhullar liberator and rejected his mercy appeal. This verdict of court will lead to more death sentences being carried out.

Devender Singh is from North-Western Punjab who was convicted over a car bombing in New Delhi in 1993. He had appealed for his sentence to be commuted to life imprisonment on the grounds that he had spent two decades on death row. He was an active hardcore member of Khalistan movement and always opposed Congress Government's policies against minorities.

Indian media has turned blind eye towards the demand of punishment for another RAW's agent Col Prohit who was involved in Samjhota express blasts, but it was progressive enough to start yelling for a terrorist who killed 14 individuals in Pakistan. Here, I would like to ask our electronic and print media to do their part of job and air the interviews of relatives of those innocents who became the victims of the terrorist act of Sarabjit and Col Prohit instead only projecting the programs like; Aman kee Asha, Indian ads, Indian culture promotion and Indian movies for the sake of money.

The family of Sarabjit Singh should highlight this tragedy within Sikh community that Sikhs might not be launched for espionage and militancy in Pakistan. Any such like activities creates hatred and fissures in Sikh and Muslim communities in Pakistan where most of their sacred religious places are located. As result of Indian policy of fomenting terrorism and launching Sikhs individuals for espionage activities in Pakistan, Pakistani might start doubting those Sikhs who come for pilgrimage and other religious ceremonies. Sikhs and Muslim community located all over the world should also raise voice against Indian policy of killing two birds with one stone.

## रायमाझी आयोगले...

ठहरिन सक्दैनन् । त्यही आयोगले दोषी ठहर गरेका व्यक्तिलाई झलनाथ खनाल नेतृत्वको सरकारले बढुवा गरेको थियो । अहिले पनि त्यस्ता व्यक्तिहरू सचिव पदमा बहाल रहेका र केहीले नियमित अवकास पाइसकेका हुनाले त्यही आयोगको प्रतिवेदनको विषयलाई लिएर कार्कीको विरोध गर्नु भनेको विधि, विधान, ऐन, कानुनको खिल्ली उठाउनु बाहेक अन्य केही हुन सक्दैन । लोकतन्त्रमा विधिको शासन सबैलाई समान हुनुपर्दछ । व्यक्तिपिच्छे संविधान ऐन, कानुनको व्याख्या गर्ने हो भने त्यो संविधान संविधान नहुने र लोकतन्त्र पनि भाँडतन्त्रमा परिणत हुने खतरा बढेर जान्छ भन्ने हेक्क दलका शीर्ष नेताहरूमा हुनै पर्दछ ।

संवैधानिक परिषद्ले गरेको निर्णयलाई कार्यान्वयन नगर्न कथित मानवअधिकारवादी र नागरिक समाजले राष्ट्रपतिलाई आग्रह गर्नु भनेको राष्ट्रपतिलाई सक्रिय बनाउन खोज्नु मात्र हो । चार दलका ११ जना नेताहरू बसेर छलफलपछि कार्कीको नाम सिफारिस गर्ने निर्णय उच्च स्तरीय राजनीतिक संयन्त्रले गरेको विषयलाई अनावश्यक उचालेर केही डलरवादी भ्रष्ट र राजस्वमाराहरूले केही व्यक्तिहरूलाई सडकमा उतार्दा निर्णयहरू नै परिवर्तन गर्दै जाने हो भने अब मन्त्रिपरिषदले गर्ने कुनै पनि निर्णय कर्यान्वयन हुन सक्दैनन् । केही ठूला मिडियाहरूको स्वार्थ पूरा नहुने भएपछि त्यस्ता मिडियाहरू पत्रकारिताको धर्म विरूद्ध संवैधानिक परिषद्को निर्णय जसरी भएपनि उल्टाइ छाड्ने प्रतिबद्धताका साथ अगाडि बढेका थिए । केही सरकारी उच्च तहमा बसेका भ्रष्ट व्यक्तिहरू समेत कार्कीको विरूद्धमा खनिएका थिए । कार्की अख्तियार प्रमुख भएमा जेल जानु पर्ने भएको हुनाले उनीहरू पैसा खर्च गरेरै भएपनि कार्कीका विरूद्ध लागेका थुप्रै प्रमाणहरू भेटिएका हुनाले सडक आन्दोलन कहाँको र कसको स्वार्थका लागि भएको छ भन्ने प्रश्न उब्जिएको छ । लोकमानसिंह कार्की अख्तियार प्रमुख भएमा के आकाश खस्छ त ? एक बटुवाले भने- यो सतिले सरापेको देश हो, भ्रष्ट, तस्करहरू र राजस्वमारा व्यापारीहरूको मारमा कार्की परे । चार दलको मात्र निर्णयमा संविधानको बाधा अड्काउ फुकाउने राष्ट्रपतिले चारै दलको निर्णय र संवैधानिक परिषद्को निर्णयलाई रोक्ने हैसियत राख्न सक्थे ? यदि त्यो हैसियत राष्ट्रपतिमा भए राष्ट्रपतिले भन्न सक्नु पर्छ अब म आफैं शासन चलाउँछु । केही कथित मानवअधिकारवादी भनाउँदा र कथित नागरिक समाजका व्यक्तिहरूले राष्ट्रपति निवास पुगेर राष्ट्रपतिलाई उक्साहट गरे भन्दैमा राष्ट्रपति उनीहरूको उक्साटहमा लागेर कानुनी रूपमा आएको सिफारिसलाई रोक्न खोज्नु गैरकानुनी हुने थियो ।

अहिले लोकमानसिंह कार्कीलाई चर्चामा ल्याउने यिनै चार दल हुन् । यिनै चार दलले लोकमानसिंह कार्कीको नाममा लिखित सहमति गरेका हुन् । चार दलको उच्चस्तरीय राजनीतिक संयन्त्रले लिखित सहमति गरेरै कार्कीलाई सिफारिस गरेका हुन् । संयन्त्रको पहिलो संयोजक रहेका एमाओवादी अध्यक्ष पुष्पकमल दाहल र अहिले संयोजक रहेका कांग्रेस सभापति सुशील कोइराला, एमाले अध्यक्ष झलनाथ खनाल र मधेसी मोर्चाका संयोजक विजयकुमार गच्छदारसहितले गरेको सिफारिस अनुसार संवैधानिक परिषद्ले निर्णय गरेको हुनाले यिनै चार दलले आफ्नो सिफारिस अनुसार निर्णय कार्यान्वयन गराउन राष्ट्रपति र सरकारलाई दबाब दिनुको बदला उल्टो आफ्नै सिफारिसको विरोध गर्नुले नेताहरूको विश्वसनियता माथि प्रश्न उठेको छ ।

लोकमानसिंह कार्की पूर्वमुख्यसचिव हुन्, त्यतिबेला उनले सरकारले दिएको निर्देशन पालना गर्नु उनको दायित्व र कर्तव्य थियो, के अहिलेका मुख्यसचिवले सरकारले दिएको नीति निर्देशन पालना गर्दैनन् त ? यी तमाम प्रश्नहरू एकातिर उब्जिएका छन् भने केही मुट्ठिभर भ्रष्ट र राजस्वमाराहरू जसरी भएपनि संवैधानिक परिषदको निर्णय उल्टाउन लागि परेका थिए । तर राष्ट्रपतिले संविधान, ऐन, कानुन र संवैधानिक परिषद्को निर्णय अनुसार नै संवैधानिक निकायका प्रमुखहरूमा परिषदले गरेको निर्णय नियुक्ति गरेर आफूले पहिला गरेका गल्तिहरूलाई सच्याउने कार्य गरेका छन् ।

devendrachudal@gmail.com

## स्वालम्बन बैंकको खुद मुनाफा घट्यो

काठमाडौं । स्वावलम्बन लघुवित्त विकास बैंकको खुद मुनाफा ३८ लाख रूपैयाँले घटेको छ । बैंकले चालु आर्थिक वर्षको चैतसम्ममा ३ करोड २५ लाख रूपैयाँमात्र खुद मुनाफा आर्जन गरेको छ । बैंकले गत चैतमा ३ करोड ६३ लाख ३६ हजार रूपैयाँ खुद मुनाफा आर्जन गरेको थियो । समिक्षा अवधिमा बैंकको कुल पुंजी दायित्व ३ अर्ब १ करोड ९६ लाख रूपैयाँ रहेको छ । गत चैतमा यस्तो दायित्व २ अर्ब ८० करोड रूपैयाँ थियो । चुक्ता पुंजी १२ करोड ४७ लाख, ८० हजार रूपैयाँ रहेको छ । गत आवको चैत महिनामा बैंकको चुक्ता पूँजी १२ करोड ४७ लाख ८० हजार रूपैयाँ रहेको थियो ।

बैंकले चैतसम्म २६ करोड ७९ लाख ८७ हजार रूपैयाँ खुद व्याज आम्दानी गरेको छ । यस अवधिमा बैंकले सुञ्चालन मुनाफा ४ करोड ८६ लाख २८ हजार रूपैयाँ रहेको छ । बैंकको निष्क्रिय कर्जा गत चैतमा १ दशमलव ६ प्रतिशत रहेकामा यस वर्ष बढेर २ दशमलव ४४ प्रतिशत पुगेको छ ।

# मधेश किन अलग्गिन खोज्दैछ ?

*अधिवक्ता गणेशबहादुर ढुंगाना*

मधेश र माओवादी समस्या भनेको क्या हो ?, यो कहाँबाट कसरी परिचालित छ ?, उसको हैसियत के हो ? अर्थात राज्यको स्थापित सार्वभौमसत्ता सम्पन्न संस्थासँग छुट्टै सम्झौता गर्नसक्ने उसको पृष्ठभूमि, क्राइटेरिया हकदैया के छ ? माओवादीका अग्रगामी निकास अर्थात अन्तरिम सरकार, गोलमेच सम्मेलन, संविधानसभा आदि कुराहरु ब्रिटिश इण्डिया स्वतन्त्रताका समयमा भारतमा प्रासंगिक थियो, त्यो सम्बन्धित सबैलाई थाहै छ । भारतको स्वतन्त्रताका लागि रगत बगाउने प्रत्येक नेपालीले पनि यो यथार्थ बुझेकै छन् । तर, आज नेपालमा त्यसको प्रसङ्ग कसरी उठयो ? भारतले बिगतका आफ्ना प्रसङ्गहरुलाई नेपालमा प्रयोग गर्नु र नेपाललाई प्रयोगशाला बनाउनेको तात्पर्य अथवा गुह्य के हो ? इत्यादि अनेक जिज्ञासाहरु छन् । जसको जति मिमांसा गर्न थाले पनि त्यसबाट निस्कने चिज भनेको भारतीय हस्तक्षेप र ग्र्याण्ड डिजाइनमा नेपाललाई पार्नु नै हो । उपरोक्त विषयमा अग्रप्राथमिकताका साथ वर्तमान सरकारले राष्ट्रलाई संवोधन गर्नुपर्‍यो । जसका लागि अहिलेसम्म यो सरकारले आफ्नो कर्तव्य सम्झेकै छैन । आजको मधेस र माओवादी समस्या भनेको कुनै देश, व्यक्ति, शक्ति वा समुदाय बीचको दुईपक्षीय गुपचुप र लेनदेनको विषय नभएर यो एउटा ज्वलन्त नेपाली राष्ट्रिय सरोकार वा आम नेपाली जनताको सरोकारको विषय बनिसकेको छ । हजारौं निर्दोष निरिह नेपालीको रगत बगिसकेको छ । लाखौं नेपालीहरु आफ्नो कमाई खाने थलो खेतीपातीबाट विस्थापित भैसकेका छन् । स्थायी शान्ति पनि भङ्ग हुँदैछ । घरघरमा भयको राज कायमै छ । समाधान तुरुन्त चाहिन्छ । समाधान दिन सात दल असफल भए । असफलता जारी छ ।

यी सात दलीय संसदवादी, जनक्रान्तिकारी भनौदा दलहरु पनि कसका खेताला हुन् ? स्वाधीनता गुमाएर राजनीतिक मैदानमा त्यसै रल्लिरहेका छन् यिनीहरु । विगत बाह्र वर्षका यिनका उपलब्धिहरु के के हुन र आगामी संघर्षको लक्ष के हो ? त्यो समेत सम्पूर्ण कैफियत तलब गरी स्वयम्ले पनि लेखाजोखा मूल्यांकन गरी, २०४७ साल अगाडिको यिनको आर्थिक हैसियत, खानपिनको मूल्यांकन गरी हालको मूल्यांकन तथा आन्दोलनका लागि अर्बौ रूपैयाँको खर्च कहाँबाट आईरहेको छ, मधेश आन्दोलनका पछाडि को छ ? मधेश किन अलग्गिन खोज्दैछ ? सो समेत समावेश गरी वर्तमान सरकारले तुरुन्तै राष्ट्रलाई संवोधन वा जनतालाई सुसूचित गरोस् । राष्ट्रिय सवाल र समस्या जनताको सरोकारको विषय हो ।

अपवादलाई छाडेर यो सरकारले मूल्यांकन गर्दा सही र देशभक्तिलाई केन्द्रविन्दु मानेर हिंडी दिए यो सरकार अनुभवी, व्यवहारिक, देशकाल परिस्थितिलाई बुझ्न सक्ने र मुलुकी बन्दोवस्त मिलाउन सक्ने हदमा मूल्यांकन गर्न सकिन्थ्यो । तर अर्कोको खेताला भैदियो र बर्बाद हुँदैगयो । सात दलको असफलता र भारतभक्तिका कारण जनतामा संचेतना आउनु र नेपालका राजाको गिरेको प्रतिष्ठा बढ्नु, नेपाल राष्ट्र र नेपाली जनताको जागरण आदि विषय नेपालको शान्तिक्षेत्रको विरोधी, नेपालका दलाल राजनीतिज्ञ तथा राष्ट्रघात र भ्रष्टाचारको प्रवल समर्थक यस विश्व भूगोलको एकमात्र एक्लो राज्य भारतलाई खपिनसक्नु असैह्य औडाहा भएर 'मियाँका जुत्ती मियाँका शर' वाला नीति अवलम्बन गरी संचालन गरिरहेको छ र अनपेक्षित सफलता हासिल गरीरहेको छ । माओवादी र मधेसमा भारतको ठूलै प्रभाव बढेको अनुभव सबैले गरिरहेकै छन् । भारतले आफ्ना समग्र गिरोह वा दलालहरुको समुचित परिचालनद्वारा हाल नेपाललाई धम्कीमा पारिसकेको छ । कथित मधेस आन्दोलन पनि परिचालन गरीरहेको छ । उग्रवादीहरुको आश्रय थलो पनि नेपाललाई नै बनाईदिइसक्यो । नेपालका नम्बर १ हितचिन्तक चीन, बेलायत, अमेरिका आदि राष्ट्रहरु जो भारतका नम्बर १ दुश्मन पनि थिए, तिनलाई भारतको तर्फबाट गाली गर्ने मुख पनि नेपालीनै, गाली गर्ने थलो पनि नेपाललाई नै बनाइदिइसक्यो । भूटानी शरणार्थी अन्बर्नेदेखि देश विक्री गर्नेसम्मका हर्कतमा नेपालीलाई नै प्रयोग गर्न सफल, भारत धन्य छ तेरो चलखेल र धनखेल । अतः देशद्रोही, भ्रष्टाचारी गद्दारलाई नेपाली जनताले फाँसीको सजाय दिन सकेनन् भने नेपालको गरिमा, सम्मान र महिमा मटियामेट हुँदै जानेछ ।

**हजारौं निर्दोष निरिह नेपालीको रगत बगिसकेको छ । लाखौं नेपालीहरू आफ्नो कमाई खाने थलो खेतीपातीबाट विस्थापित भैसकेका छन् । स्थायी शान्ति पनि भङ्ग हुदैछ । घरघरमा भयको राज कायमै छ । समाधान तुरुन्त चाहिन्छ । समाधान दिन सात दल असफल भए । असफलता जारी छ ।**

आजका समस्याहरु नेपाल र भारत बीचका दुईपक्षीय क्रनिक र नेपालको जीवनमरण सम्बन्धि मात्र प्रमुख छन् । दुई पक्षीय मुद्दामा प्रमुख फिजीकरण, भूटानीकरण, सिक्कीमीकरण, असमान सन्धिहरु, सीमाना र सम्पूर्ण जलश्रोतको अपहरण आदि प्रमुख छन् । अब नेपालमा चेकपोष्ट राख्न पनि भारत अग्रसर भैसकेको छ । यी विषयहरूलाई अन्यत्रै मोडेर राजा र संविधानसभाको चुनावतिर मोडेर र सामन्त र समानुपातिक अधिकारबीचको झगडाको रूपमा उछालेर टाउको दुखेको दबाई नेपालीहरु मार्फत नै नाइटामा मालिस गराउँदैछ र विश्व समुदायमा भ्रान्ति फैलाउँदैछ । नेपाली कुटनीतिक र राजनीतिक क्षमता यस मानेमा अक्षम ठहरियो । जनताद्वारा दमदार प्रतिकार गर्ने, भण्डाफोर गर्ने, विजयी बन्ने काममा नेताहरुको अग्रसरता पटक्कै भएन । भारतीय गिरोहले सधैभरि नेपाल र नेपालीलाई मिचेको मिच्यै, थिचेको थिच्यै लग्यो, कहिले पनि माथि उठ्नै दिएन । अझै पनि सबै सरोकारवाला देशभक्त जिम्मेवार शक्ति समूहले सिखण्डीका भर नपरी आपसी सरसल्लाह, रणनीति, कार्यक्रम तय गरेर अगाडि बढे आफ्नो देशको प्रतिरक्षा किन गर्न सकिदैन थियो होला र ? भारतीय संत्रासमा डुबेर मुकदर्शक भै बसे त नामर्दको सम्पत्ति मर्दले लुटेर खाईदिहाल्छ नि । कहिल्यै पराधीन नभएका नेपाली भारतको दास बन्न जानेछन् । चेतना भया ।

दासबाट बच्ने हो भने नेपालीले आफ्नो समस्या आफै समाधान गर्न र आफ्नो स्वराज्यको रक्षा गर्न खातिर जागरूक हुनैपर्छ । अरूलाई गोठालो राख्ने हो भने नेपालको धनी उही भईदिनेछ । जनता बलियो नभै राष्ट्र बलियो हुँदैन र दलालहरुको यसैगरी बिगबिगी चलिरहन्छ । दलालहरुको बिगबिगी जनतालेमात्र रोक्न सक्छन् ।

## असार १ देखि दुई रंगको सिलिण्डर आउने

काठमाडौं/ लामो समयदेखि समस्यामा रहेको दुइरंगको सिलिण्डर आगामी असार १ गतेदेखि कार्यान्वयनमा आउने भएको छ । बाणिज्य तथा आपूर्ती मन्त्रालय, नेपाल आयल निगम र एलपी ग्यास उद्योग संघ बीच सो कार्यका लागि तिव्र तयारी भएको मन्त्रालयले जनाएको छ ।

मिडिया इन्टरनेसनलले मंगलबार काठमाडौंमा आयोजना गरेको विजनेस बहस कार्यक्रममा वाणिज्य तथा आपुर्ती मन्त्रालयका सहसचिव एवं प्रवक्ता जीवराज कोइरालाले सम्पूर्ण तयारी पुरा भएको र एलपी ग्यास उद्योग संघसँग अन्तिम छलफल भइरहेको बताउँदै नेपाल आयल निगमलाई मन्त्रालयले असार १ गतेदेखि दुई रंगको सिलीण्डर बजारमा ल्याउन निर्देशन गरेको बताउनु भयो । उहाँले कतिपय कुराहरु तयारी अभावका कारण विगतमा कार्यान्वयनमा ल्याउन कठीन भएको बताउँदै उपभोक्ता कार्ड वितरण अन्तिम चरणमा भएकाले असार १ गतेदेखि लागु गर्न समस्या नरहेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा नेपाल आयल निगमका निमित्त कार्यकारी प्रमुख जयराज आचार्यले उद्योगी र विक्रेता महासंघ संग सहकार्य गरेरै निलो र रातो रंग सिलीण्डर बजारमा ल्याउन लागीएकोले अब विगतमा जस्ता समस्याहरु नदोहोरीने बताउनुभयो । उहाँले उपभोक्ता कार्ड वितरण तिब्र गतिमा अघि बढेको उल्लेख गर्दै उपभोक्ताहरूलाई जेठ मसान्त भित्र कार्ड लिन अनुरोध पनि गर्नु भयो । कार्यक्रममा नेपाल आयल निगमका प्रबक्ता शिब प्रसाद पुडासैनिले आयल निगम प्रतिबद्ध भएर अघि बढीरहेको दुई रंगका ग्यास ल्याउन नसक्दा निगमले ठुलो घाटा व्यहोर्नुपरेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा एलपी ग्यास उद्योग संघका अध्यक्ष शिब प्रसाद घिमिरेले भने सरकारको यथास्थितिमा दुई रंगको सिलिण्डर आउन नसक्ने बताउनुभयो । सरकारले केही लचकता अपनाएर अघि बढ्नुपर्ने बताउँदै यथास्थितिमा भने दुइरंगका सिलिण्डर ल्याउन कठिन रहेको बताउनुभयो । उहाँले हाल सम्म उद्योगीले दुइ रंगका सिलिण्डर तयार नगरेको तर सरकारसंगको छलफल र बार्ता टुंगो लागेमा एक हप्तामै दुइ रंगका सिलिण्डर बजारमा ल्याउन आफूहरू सक्षम रहेको बताए ।


**नागरिक लगानी कोषद्वारा सञ्चालित निम्न कार्यक्रममा सहभागी भई भविष्यको लागि बचत गरौं**

| कर्मचारी बचत बृद्धि अवकाश कोष २०५९ मा सहभागी भई बचत गर्दा पाइने फाइदाहरु | नागरिक एकाकर योजना २०५२ खरिद गर्दा पाइने फाइदा |
|---|---|
| ◆ वार्षिक ७.५० प्रतिशत ब्याज पाइने<br>◆ बचत सुरु गरेको २ वर्षपछि बचत रकमको ८० प्रतिशत सापटि लिन पाइने, वार्षिक ९ प्रतिशत ब्याजदरमा लिन पाइने ।<br>◆ सहुलियत ब्याजदर १०.५० प्रतिशतमा आवास कर्जा पाइने<br>◆ तलबको एक तिहाइ रकममा आयकर छुट सुविधा पाइने<br>◆ तलबको ५ देखि ३३ प्रतिशतसम्म कट्टी गर्न पाइने<br>◆ सेवाबाट अवकास पछि एकमुस्ट रकम पाइने<br>◆ जुनसुकै बैंकका शाखा कार्यालयहरूमार्फत् रकम जम्मा गर्न सकिने<br>◆ ब्यालेन्स सर्टिफिकेट लिन सकिने<br>आजैदेखि सहभागी भई भविष्यको लागि बचत गर्ने बानी बसालौं | ◆ सुरक्षित बचत, आकर्षक ब्याजदरमा लगानी गर्ने सुनौलो अवसर<br>◆ अत्याधिक तरलताको सुविधा भएको<br>◆ वार्षिक ९ प्रतिशत ब्याज पाइने<br>◆ जुनसुकै समयमा खरिद तथा बिक्री गर्न सकिने<br>◆ बचतको प्रमाणपत्र पाइने<br>◆ ब्यालेन्स सर्टिफिकेट लिन सकिने । |

**नागरिक लगानी कोष**

नयाँ बानेश्वर काठमाडौं पोस्ट बक्स नम्बर ५८२३

फोन नम्बर ०१४७८५३१९, ४७८५३२१, ४७८५३२५, ४७८४२९८ फ्याक्स ०१४७८५३२०

इमेल : cit@htp.com.np, वेबसाइट : www.nlk.org.np

# विश्व हतियार बजारमा चीनले बेलायतलाई उछिन्यो

*थलिफ दीन*

संयुक्त राष्ट्रसङ्घ (आई.पी.एस./एन्.पी.आई.) — विश्वकै दोस्रो ठूलो अर्थतन्त्र भएको मुलुकका रूपमा जापानलाई उछिने लगत्तै चीनले अर्को कोशेढुङ्गा चुमेको छः विश्वकै पाँचौं ठूलो हतियार निर्यातकर्ता बेलायतलाई विस्थापन गरेर । स्टकहोल्म अन्तर्राष्ट्रिय शान्ति अनुसन्धान इन्स्टिच्यूट (सीप्री) ले हालै सार्वजनिक गरेको एक प्रतिवेदनले भनेको छ, "सन् १९९२ मा शीतयुक्तको समाप्तिपछि विश्वका सबैभन्दा माथिल्ला हतियार निर्यातक मुलुकमध्ये पहिलोपटक चीन पाँचौं स्थानमा उक्लेको छ ।"

चिनीया हतियारहरु पश्चिमा मुलुकका परिस्कृत हतियारभन्दा कसरी बढी प्रभावशाली भइरहेका छन् त भनी सोधिएको एक प्रश्नमा सीप्रीका वरिष्ठ अनुसन्धाता डा पल होल्टोम भन्छन्, "रूस, युक्रेनजस्ता मुलुकका हतियारको तुलनामा चिनीया हतियारको बजारले अल्पकालीनदेखि मध्यमकालीनसम्म स्थान कसरी ओगट्दैछ भनेर विचार गर्नुपर्ने अवस्था अहिले छ ।"

होल्टोम भन्छन्, चीनका हतियारको माग गर्ने राष्ट्रहरूमा खासगरी एसिया, अफ्रिका, मध्यपूर्व र केही अमेरिकी न्यून आय भएका मुलुकहरु रहेका छन् ।

चीनको उदय मुख्यरुपमा पाकिस्तानले हातहतियारको खरिद व्यापकरूपमा गरेपछि नै भएको हो । यो देशलाई चिनीया प्रतिनिधिमण्डलले आफ्नो इजरायल नै भन्ने गर्दछन् । संयुक्तराज्य अमेरिका इजरायलमा सर्वाधिक हतियार आपूर्ति गर्ने राष्ट्र हो र यो लामो समयदेखिको राजनीतिक, आर्थिक र सैनिक सहयोगी मुलुक पनि हो । सीप्रीका अनुसार पाँच वर्षको अवधिमा अर्थात् २००८-१२ को बीचमा पाँचवटा सबैभन्दा बढी हतियार आपूर्तिकर्ता मुलुकहरूमा संयुक्तराज्य अमेरिका (३० प्रतिशत), रूस (२६ प्रतिशत), जर्मनी (सात प्रतिशत), फ्रान्स (६ प्रतिशत) र चीन (५ प्रतिशत) रहेका छन् ।

कम्तीमा सन् १९५० यता बेलायत माथिल्ला पाँच राष्ट्रको सूचीमा नपरेको यो पहिलोपटक हो । सीप्रीको अध्ययनमा समग्रमा प्रमुख परम्परागत हतियारको अन्तर्राष्ट्रिय व्यापारमा सन् २००३-२००७ को तुलनामा २००८-१२ मा झण्डै १७ प्रतिशतले वृद्धि भएको छ । परम्परागतरूपमा विश्वका पाँच मुख्य हतियार निर्यातकर्ताहरु नै सुरक्षा परिषद्का स्थायी सदस्य राष्ट्रहरु रहेका छन् । यही राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले मुख्यरूपमा विश्वमा युद्ध र शान्तिको घोषणा गर्ने गर्दछ ।

विश्वमा हाल तेस्रो हतियार निर्यातक राष्ट्र जर्मनी सुरक्षा परिषद्को सदस्य छैन, तर बेलायत यो टोलीमा सामेल छ । हतियार निर्यातकका अलावा चीन सन् २००८-१२ को अवधिमा सर्वाधिक हतियार आयातकर्ता मुलुक पनि हो । एसिया र ओसियानाका मुलुकहरूले प्रमुख परम्परागत हतियारहरूमध्ये विश्वमै झण्डै आधा (४७ प्रतिशत) खरिद गर्दछन् । विश्वका पाँच प्रमुख हतियार खरिदकर्ता मुलुकहरूमा भारत (१२ प्रतिशत), चीन (६ प्रतिशत), पाकिस्तान (५ प्रतिशत), दक्षिण कोरिया (५ प्रतिशत) र सिंगापुर (४ प्रतिशत) रहेका छन् । यी सबै मुलुक एसियामै छन् । पूर्वी र दक्षिण चीन सागरमा सीमा विवाद चर्कनासाथ हतियार खरिदमा यस्तो बढोत्तरी भएको हो ।

अधिकांश विकासशील मुलुकहरूले चिनीया हतियार खरिद गर्नुमा सस्तो मूल्य हो वा बेइजिङले राजनीतिक शर्त नराख्ने भएर हो वा मानव अधिकारका विषयलाई नउठाउने गरेका कारणले हो भनी सोधिएको प्रश्नमा होल्टोम भन्छन्, कुन चाहिँ आकर्षणको कुरा हो यो यकिनसाथ भन्न सकिन्न ।

लागत र दीर्घकालीन व्यवस्था पनि कारण हुन सक्छन् जस्तै लामो अवधिको न्यून ब्याजमा ऋण, साटासाट, उनले भने । उदाहरणका लागि, मस्कोका केही विश्लेषणको दृष्टिबाट हेर्दा रूसमा निर्मित एस-३०० साम प्रणालीका हतियार इरानलाई बिक्री नगर्ने निर्णयले रूसको प्रतिष्ठामा आँच पुगेको थियो र यसबाट चीनले लाभ लिने अनुमान गरिएको थियो । विगत लामो समयदेखि इरान नै रूसको सुरक्षित र भरपर्दो हतियार आपूर्तिकर्ता मुलुक थियो ।

होल्टोम भन्छन्, विकिलीक्सले चिनीया कम्पनीहरु पनि मानव अधिकारका सरोकार र संयुक्तराज्य अमेरिकी दबाबमा पर्ने गरेको संकेत गरेको छ । "तर अन्य प्रमुख आपूर्तिकर्ता जस्तै युरोपेली युनियनका सदस्य राष्ट्रहरूको तुलनामा सुरक्षित हतियार आपूर्तिकर्ताको रूपमा चीनलाई लिने गरिन्छ । युरोपेली युनियनले सदस्य राष्ट्रहरूमा मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लङ्घन गरेको अवस्थामा त्यस्ता मुलुकलाई हतियार आपूर्ति गर्न नसक्ने साझा समझदारी गरेका छन्," उनले बताए ।

उनको विचारमा चीनसँग हतियार बिक्रीका सम्बन्धमा तीनवटा सिद्धान्त मुख्यरूपमा कायम छन् : हतियार लिने मुलुकको आत्मरक्षा क्षमतामा योगदान पुऱ्याउने, क्षेत्रीय वा विश्व शान्ति, सुरक्षा र स्थायित्वमा हानि नपुऱ्याउने तथा हतियार प्राप्तकर्ता मुलुकको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने ।

होल्टोम सन् १९९० को पछिल्लो दशकको सुधारपछि चिनीया हातहतियार उद्योगमा व्यापकरूपमा महत्वपूर्ण विकास भएको बताउँछन् । तथापि, उनको विचारमा केही क्षेत्रले अन्य क्षेत्रको तुलनामा बढी उन्नत प्रणाली विकास गर्न सक्षम भएका छन् र चिनीया मुक्ती सेना (पीएलए) र निर्यात गरिने हतियारबीच पनि निकै भिन्नता रहीआएको छ ।

सीप्रीका अनुसार चीनले निर्यात गर्ने सामग्रीहरूमा न्यून लागतका र पुराना प्रणाली रहेका छन् जस्तै एफ-७ लडाकु हवाई जहाज । तथापि, जेएफ-१७/एफसी-१ लडाकु जहाज पाकिस्तानलाई बिक्री गरिएका छन् र यहीकारण सीप्रीमा चीनको स्थान माथि उक्लेको हो । यी लडाकु जहाज किन्न केही अन्य मुलुकले पनि रूचि देखाएका छन् ।

जे-१० लडाकु हवाई जहाजजस्तै यी सामग्रीमा रूसी हातहतियारकै समकक्षी उपकरणहरु रहेका छन् जसले निर्यात र प्रतिस्पर्धा बढाउन ठूलो भूमिका खेलेको छ । लडाकु टैंक, बख्तरबन्द गाडी, तोप, जहाजप्रतिरोधी क्षेप्यास्त्र र हवाई प्रतिरक्षा प्रणाली (म्यानप्याड्स) का सम्बन्धमा चीनले केही ग्राहक पाइसकेको छ र सम्भवतः चीनले सस्तोमा यी उपकरण दिएकाले उनीहरु आकर्षित भएका हुन् । भनाइ छ कि आपूर्ति गरिएका उपकरण, शर्त र तालिम कार्यक्रममा पनि निकै बढोत्तरी भएको छ ।

(आई.पी.एस./एन्.पी.आई.)

# औषधिको प्याटेन्ट मुद्दा खारेज

दोहा । भारतको सर्वोच्च अदालतले स्वीस औषधि निर्माता कम्पनी नोभार्टीस एजीले क्यान्सरको औषधिका लागि प्याटेन्ट अधिकार माग गर्दै दिएको निवेदनलाई खारेज गरेको छ, र भारतमा औषधि बिक्री गर्ने पश्चिमा औषधि निर्माता कम्पनीहरूका निम्ति यो गम्भीर धक्का हो ।

यो महत्वपूर्ण फैसला सुनाउँदै सर्वोच्च अदालतले ग्लीभेक नामको औषधिले भारतीय कानुन मुताबिक प्याटेन्टका निम्ति योग्य हुन असफल भएको जनाएको छ । सन् २००६ देखि नोभार्टीसले आफ्नो औषधिको भारतीय कम्पनीहरूले नक्कल गरेको भन्दै संरक्षणका लागि भारत सरकारमाथि दबाब दिन अदालतमा मुद्दा दायर गरेको थियो । तर अदालतले नोभार्टीसले प्याटेन्ट अधिकारका निम्ति आग्रह गरिरहेको औषधि भारतीय कानुन मुताबिक नयाँ वा आविष्कार गरिएको अवस्थामा नपाइएको जिकिर गरेको छ ।

सन् २००९ मा चलनचल्तीका औषधिमा कुनै महत्वपूर्ण तात्विक भिन्नता नभएका वा नयाँ औषधि आविष्कार नगरिएको अवस्थामा प्याटेन्ट नदिने गरी बनाइएको भारतीय कानुनलाई चुनौती दिँदै नोभार्टीसले सर्वोच्च अदालतमा मुद्दा दायर गरेको थियो । अल जजिराका लागि नयाँदिल्लीबाट रिपोर्टिङ गर्ने सोहेल रहमानले सर्वोच्चको आदेश नोभार्टीसका निम्ति ठूलो निराशा रहेको बताए, किनभने यो फैसलाले स्वदेशी र विदेशी उपभोक्ताका निम्ति सस्तो मूल्यमा प्रजातिगत औषधि उत्पादन गर्न भारतीय औषधि निर्माता कम्पनीहरूलाई अनुमति दिनेछ ।

रहमानले यो फैसलापछि विश्व व्यापार संगठनले निर्धारण गरेका नियमहरु भारतले तोडेको प्रश्न उब्जिनेछ । यो मुद्दामा गरिएको फैसला भारतमा जारी धेरैवटा प्याटेन्ट मुद्दाका निम्ति पनि मार्गदर्शक हुन सक्छ । औषधिका निम्ति राम्रो बजार ठहरिएको भारतमा प्याटेन्ट संरक्षणलाई परिभाषित गर्ने सन्दर्भमा बहुराष्ट्रिय कम्पनीहरूका निम्ति ठूलै चुनौती पनि खडा हुनेछ ।

लन्डनस्थित फाइनान्सियल टाइम्सले अदालतले आफ्नो पक्षमा फैसला नदिए स्वीस कम्पनीले भारतमा नयाँ औषधिको आपूर्तिलाई स्थगित गर्ने धम्की दिएको जनाएको छ । "अहिलेकै परिस्थिति कायम रहे औषधि निर्माणको प्रक्रियालाई सुरक्षित गर्न सकिने छैन र यस्ता औषधिहरु सम्भवत भारतमा उपलब्ध गराउन मुस्किल हुनेछ," कम्पनीका तर्फबाट मुद्दालाई नियालिरहेका कार्यकारी पल हरलीङले बताए ।

तर सीमाविहीन चिकित्सक नामको परोपकारी संस्थामा कार्यरत वकील लीना मन्घानीले नोभार्टीसले कानुनी लडाईंमा विजय हासिल गरे त्यसले भारतीय कानुनी प्रावधानलाई नराम्रोसँग कमजोर बनाउने विगतकै खतरापूर्ण अवस्थाको पुनरावृत्ति गर्ने बताइन् । यसले "यो मुलुकमा प्रजातिगत औषधिमा निर्भर रहेका विकासशील विश्वका मानिसलाई नराम्रो धक्का पुग्नेछ । यसले औषधिमा सर्वसाधारणको पहुँचलाई नराम्रोसँग खुम्च्याउनेछ ।"

भारतीय आनुवंशिक औषधिका कम्पनीहरु - लामो समयदेखि "विकासशील विश्वका लागि फार्मेसी" का रूपमा परिचित - क्यान्सर, टीबी र एड्सजस्ता रोगको उपचार गर्न नक्कल गरिएका औषधिहरूको मुख्य आपूर्तिकर्ता हुन् । विकासशील मुलुकका मानिसले यी रोगको औषधि बढी मूल्य तिरेर खरिद गर्न सक्दैनन् ।

प्रजातिगत र ब्रान्डेड औषधिबीचको लागत भिन्नता विश्वभरका गरिब जनताका निम्ति निकै महत्वपूर्ण कुरा हो, एमएसएफले भनेको छ । एक प्रकारको क्यान्सरको उपचारमा प्रयोग हुने ग्लीभेक नामको ब्रान्डेड औषधिको लागत ४,००० डलर पर्दछ जबकी भारतमा त्यही औषधि करिब ७३ डलरमा प्राप्त गर्न सकिन्छ ।

ग्लीभेककै कुरा गर्दा पनि अल जजिराका रहमान भारतमा त्यो औषधि आम उपभोक्ताको पहुँचभन्दा बाहिर रहेको बताउँछन् किनभने औसत भारतीयको दैनिक आय १२० डलर मात्र छ । *(आई.पी.एस./एन्.पी.आई.)*


**मालसामान तथा सेवा खरिद विक्री गर्दा विल विजक लिने दिने सम्बन्धी आन्तरिक राजस्व वभागको**

**अत्यन्त जरुरी सूचना**

**मूल्य अभिवृद्धि कर ऐन २०५२ बमोजिम वस्तु तथा सेवा विक्री गर्दा विक्रेताले क्रेतालाई अनिवार्यरुपमा विजक दिनुपर्ने र क्रेताले पनि विजक लिनु पर्ने व्यवस्था रहेको छ । विजक जारी गरे नगरेको अनुगमन गर्न आन्तरिक राजस्व विभाग तथा मातहत कार्यालयवाट वजारमा कर अधिकृत सहितको टोलीहरु खटाइएको छ । विक्रेताले विजक जारी गरेको नपाइएमा वा कारोवार मूल्य भन्दा घटीमा विजक जारी गरेको पाइएमा मूल्य अभिवृद्धि कर ऐन बमोजिम कर अधिकृतले प्रत्येक पटक रु. ५०००।-(पाँच हजार मात्र) तत्कालै जरिवाना गर्न सक्नेछ । त्यसैले प्रत्येक विक्रेताले वस्तु वा सेवा बिक्री गर्दा अनिवार्यरुपमा विजक जारी गर्न हुन र वस्तु तथा सेवा खरीद गर्दा क्रेताले आफूले तिरेको मूल्यको अनिवार्यरुपमा विजक लिन हुन अनुरोध छ ।**

नेपाल सरकार

**अर्थ मन्त्रालय**

**आन्तरिक राजस्व बिभाग**

# प्रचण्डको राजनीतिक निशानामा मधेश

*राजाराम अधिकारी*

नेपाली राजनीति दिन प्रतिदिन खस्कदो अवस्थामा गएको छ । कारण ०६२/०६३, मधेश आन्दोलन र मधेशवादी जनयुद्धपछि जनताले खोजेको अपेक्षाको विरुद्ध दलहरु सत्ताकेन्द्रित राजनीतिमा सीमित हुनु नै हो । २०६४ चैत २८ को संविधानसभाको निर्वाचनपछि विद्रोही शक्ति माओवादी मुलुकको पहिलो वैधानिक राजनीतिक शक्तिमा उदाउनु, मधेशबाट पनि चौथो शक्तिको रुपमा मधेशी मोर्चा निर्माण हुनु तथा कांग्रेस, एमाले पछाडि धकेलिनुले नेपाली राजनीतिमा नयाँ शक्ति, नयाँ सत्ता र नयाँ राज्यका नीति निर्देशक सिद्धान्तको निर्माण हुनुपर्थ्यो । तर, समावेशीको नाराले पूर्णता पाएपनि संघीयताले डलर खेतीको रुपमा पैतृक सम्पत्ति कमाउन केही राजनीतिक पार्टी तथा एनजीओहरु, संगठनहरु लागिपरे । फलस्वरुप संविधानसभाको पटक-पटकको म्याद थपपछि पनि जातीय राज्य, संघीय राज्य वा भनौं राज्य पुनर्संरचनाको दलहरुको प्राथमिकता पाउन सकेन र वैधानिकरुपमा संविधानसभा विघटन भयो । त्यसमा मुख्यतः ठूला नेताहरु प्रचण्डको पनि प्रमुख भूमिका नकार्न सकिदैन । संविधानसभा विघटनपछि तत्कालीन माओवादी नेतृत्वको डा.बाबुराम भट्टराईको सरकारले निरन्तरता पाइरहनु र नयाँ सरकार निर्माणको कुनै वैधानिक बाटो माओवादी विना संभव नभएपछि कांग्रेस-एमाले छट्पटाएर आन्दोलनमा गएका थिए भने सशक्त आन्दोलनको धम्की दिँदै झडपको राजनीति सिर्जना हुने निश्चित थियो जुन निकै हानिकारक हुन्थ्यो । यतिकैमा छोटो समयमा नेपाली राजनीतिमा गिरिजाप्रसाद कोइराला पछिको हस्ती पुष्पकमल दाहाल प्रचण्ड एमाओवादीभित्र विभाजन भएपछि मोहन वैद्य किरणको वियोग पछि हालै सम्पन्न महाधिवेशनबाट फेरि एक दशक नेतृत्व सम्हाल्ने अवसर पाएका छन् । प्रचण्ड निकै ठट्यौली स्वभावका भएकाले उनले जे पनि बोल्छन भनेर नेपाली राजनीति र मिडियामा उनको भनाईलाई महत्वका साथ लिइन्छ ।

तर, पार्टीको महाधिवेशबाटै अबको निकास बाहालवाला प्रधानन्यायाधीशलाई सरकार प्रमुखको ताल्चा दिने भनेर पारित गऱ्यो र कांग्रेस-एमालेलाई शक्ति पृथकीकरणको वकालतको भूत चढ्नेले पनि आश्चर्य माने । नेकपा एमालेमा पनि निकै खटपट चल्यो अनन्तः स्थायी समिति बैठकले पारित गऱ्यो भने नेपाली कांग्रेस पार्टीमा विवाद अझै साम्य भइसकेको छैन । जे होस् तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईलाई जसरी पनि हटाउने दाऊमा क. प्रचण्ड र कांग्रेस-एमालेका नेताहरु लागि परेका छन् भन्ने प्रष्ट देखिन्छ । प्रधानन्यायाधीशलाई २५ बुँदे बन्धनमा पारेर सत्ता आफूमै राखेर यन्त्र मानवको भूमिका वा भनौं दलहरुको कठपुतलीको रुपमा प्रधानन्यायाधीश खिलराज रेग्मी सरकार प्रमुख भएका छन् । यसले नेपालको इतिहासलाई एउटा आश्चर्य चकित बनाएको छ । भुटानको नन्दिदोर्ज उदाहरण लिनेहरुले नेपाललाई प्राविधिक शिक्षा दिएका छन् । स्वयम् यो पंक्तिकारलाई पनि लाग्छ कि प्रचण्डले जसलाई चार्दा त्यसलाई प्रधानमन्त्री वा संवैधानिक निकायलगायत जुनसुकै निकायमा नियुक्ति गर्न सक्छन् । त्यसैले होला प्रचण्डको फर्मुला भलनाथ खनालदेखि खिलराज रेग्मी तथा विवाश्युक्त छवि डा. लोकमान सिंह कार्की पनि नियुक्तिको सूचीमा रहेछन् । लोकमान सिंह कार्की पनि प्रचण्डको पाउँमा दाम चढाउन पुगेका थिए रे । र प्रचण्डले तथास्तु बालक भनेर नियुक्तिमा नाम पनि सार्वजनिक गरेका रहेछन् । तर मुद्दा चलेकोले अहिले अख्तियारमा विवाद बढ्दै गएको छ । अब प्रचण्डको फर्मुला प्रधानन्यायाधीशमाथि किन सरकार प्रमुखको भूमिकामा ल्याउन रातारात कसरत गरे ? नेपाली कांग्रेस, एमालेका प्रमुखहरु पनि किन प्रचण्ड फर्मुलामा सहमति जनाए ? यसको उत्तर निकै तार्किक खोज र अनुसन्धानमै होला । तर आखिर निर्वाचनको बाजा असारमा बजाएर बाबुरामलाई निकाल्ने र मंसीरमा चुनाव गराउने गोप्य सहमति रेग्मी, प्रचण्ड र अन्य नेतामा चाँहि भएको हुनुपर्छ । जे होस् सर्वोच्च अदालतले आक्रामक रुपमा नेताहरुको अकूत सम्पत्ति आर्जनको मुद्दामा जेल पठाउन र भ्रष्टाचारी ठहर गर्दै गएपछि कतै हामीलाई पनि जेल पठाउदैन भनेर नेताहरुले सर्वोच्च अदालत प्रभावमा राख्न पनि सरकार प्रमुखको ललीपप खिलराज रेग्मीलाई दिएको हुनुपर्छ । अब प्रचण्डको फर्मुला सरकारको निर्माण पछि पनि उनीहरुकै इच्छा बमोजिम हुनेगरी स्वतन्त्र सरकारमाथि उचस्तरीय संयन्त्रको भूत छ र त्यो उच्चस्तरीय संयन्त्रभन्दा माथि कुनै अदृश्य मन्त्र मानव प्रभुदक होलान् यसरी बुझ्नौं हामी । निर्वाचनको भूतले गर्दा करीब १० अर्ब रकम झ्वाम पारेर नयाँ सरकारले करिब १५ अर्ब रकम निर्वाचनको लागि छुट्याइएको छ । यसरी हेर्दा निर्वाचनको मिति समेत टुङ्गो नलागे पनि ठूलो राज्यको ढुकुटी निर्वाचनको लागि रिर्जभ गरेर राख्नु शायद राजनीतिक नेताहरुलाई भत्रगष्तथ मष्खष्मभलम वा भनौं राज्यको सत्ताको शेयर बराबरको लाभांस होला ।

अब जाऔं राजनीतिक निशानामा मधेश किन छ ? हुनत सुशील कोइराला, माधव कुमार नेपाल र प्रचण्ड लगायतका नेताहरु 'म' पनि मधेशी भन्नेहरु हानथाप छ । किनकी कुल जनसंख्याको ५१ प्रतिशत जनता मधेशका मुख्यत: २० जिल्लामा बसोबास गर्दछन् । विकासका बजेटहरु, हुलाकी मार्ग, रेल मार्ग, रेल जोडिदिने लगायतका राजनीतिक मुद्दाका हानथाप पनि गर्ने गरेका छन् । भोटका लागि भनिन्छ ६०० मिटर सम्मको उचाईमा रहेका जिल्लामा मानव बस्तीका लागि हानिकारक हुन्छ भने पशुपालन र खेती कृषिको लागि मुख्य आकर्षक मानिन्छ । वैज्ञानिक हिसाबले पनि त्यही भएर होला एउटा पनि मधेशी नेताहरु वा ठूला नेताहरु मधेशमा बस्दैनन् । तर कष्टकर रुपमा बसेका ती नेपाली जनताहरुलाई चुनावी मतको लागि एक दुई दिन गएर लम्पसार पर्दछन् कहिले मधेशी भन्छन् कहिले के भन्छन् । अब एउटै धरातल, एउटै भूगोल र जनसांख्यिक जनघनत्व भएको मधेशमा वहुजातीय, बहुभाषिक र बहुधार्मिक रहनसहन र भेषभुषा वा भनौ विविधतामा एकता छ । त्यसोभए, भोजपुरा, लिम्बुवान, खम्बुवान, थरुहट लगायतका जातीय राज्यको बीउ रोपेर किन जनतामा भ्रम सिर्जना गर्ने ? राज्यको धरातल विभाजन गर्ने र अंशवण्डा गर्ने अधिकार यी ठूला भन्ने नेताहरुलाई कसले दियो ? वा भनौ यिनीहरुको पैतृक सम्पत्ति हो नेपाल ? आज जनमनमा उठेको प्रश्न पनि यही हो । राजनीतिक निशानामा मधेशमा आतंक, लुटपाट, मच्चाउन र हत्या हिंसा गराउन जति सजिलो छ पहाडी वा हिमाली क्षेत्रमा त्यति सहज छैन । त्यसैले गर्दा पनि मधेश केन्द्रित राजनीतिले चर्चा पाएको हुन सक्दछ । अर्कोतर्फ राज्य पुनसंरचनाको विषयलाई मुख्य जाल रचेर माओवादी मधेश केन्द्रित कांग्रेस, एमाले आदिले जातीय राज्य, क्षेत्रीय राज्य, भौगोलिक राज्य वा क्षेत्रीय स्वायततत्ताको वकालत गर्नमा तत्पर देखिन्छन् । यसरी हेर्दा अब कसले बढी आश्वासन दिन्छ त्यसले बढी भोट कुम्याउने रणनीतिमा राजनीतिक दलहरु लागेको देखिन्छ । जे होस् जनताहरु मूल्यवृद्धि गरेर, खाद्यान्य, औषधी, शिक्षा, यातायात, विद्युत लगायतका मुल्यवृद्धिले नयाँ राष्ट्रिय कीर्तिमान गर्न राजनीतिक दल र सरकार लागीपरेको छ । यसरी हेर्दा थुप्रै एनजीओ, आईएनजीओ लगायतका संघसंस्थाहरु पनि विभिन्न नाराको नामका मधेशमा केन्द्रित रहनुले पनि यसमा अर्थ राख्दछ । प्रचण्ड स्वयम्ले पनि अबको निर्वाचनमा आफू मधेशबाट उठ्ने उद्घोष गरेका छन् । उनको अभिव्यक्ति ठीक पनि हो किनकी पहिलेको क्षेत्रबाट उनले के काम गरेका छन् र जनतालाई के गरे भनेर चुनावी प्रचार गर्न जाने, के मुद्दा लिएर जाने त्यसैले पनि उनले अर्कै क्षेत्रको विकल्प रोजेका हुन् । यसरी हेर्दा नेपाली राजनीति प्रचण्डको फर्मुलामा निर्भर रहेको छ । मधेशको राजनीतिक मुद्दा पनि प्रचण्डको फर्मुलामा निर्भर छ । राजनीतिक निशानामा मधेश बढ्दै गएको चहलपहल निर्वाचनको लागि मात्र हो भने मुख्यतः राज्य पुनसंरचना वा मानौं रचनात्मक प्रदेशको निर्माणमा चहलपहल र महत्व राख्ने देखिन्छ । असारमा निर्वाचन नभएर के भयो र सहजै सरकारको आयु थप्न पाइहाल्छन् नि । मंसिरमा हुन्छ नभए फेरि अर्को असारमा हा हा हा यही नै हो दलहरुको चाहाना उनीहरु देशको निकास र विकास चाहँदैनन् ।

*(मधेश दर्पण फिचर सेवा)*

## ग्लोबल आइएमईको शाखा महेन्द्रनगरमा

ग्लोबल आइएमई बैंकले कञ्चनपुर सदरमुकाम महेन्द्रनगर आफ्नो शाखा विस्तार गरेको छ । योसँगै बैंकका शाखा संख्या ६४ पुगेको छ । महेन्द्रनगर शाखाबाट पनि ग्राहकहरूले अत्याधुनिक बैंकिङ सेवा उपलब्ध गराउने बैंकका नायब कार्यकारी प्रमुख जनक शर्मा पौडेलले बताए । शाखा विस्तारबाट त्यस क्षेत्रका स्थानियहरू प्रत्यक्ष रुपमा लाभान्वित बन्ने उनले अपेक्षा गरे ।

बैंकका ग्राहक संख्या हाल ४ लाख पुगिसकेका छन् । आधुनिक बैंकिङ सेवासहित ग्लोबल कृषि कर्जा र साना व्यवसायी कर्जा दिँदै बैंकको शेयर मंगलबार प्रतिकित्ता २० रूपैयाँ बढेर ४ सय ५५ रूपैयाँमा कारोबार भएको थियो । अन्तर्राष्ट्रियस्तरको फिनाकल प्रविधिबाट सुविधा प्रदान गर्ने भएकाले बैंकका सेवाहरू असीमित भएको बैंक व्यवस्थापन पक्षको दाबि छ ।

बैंकमा हाल २ अर्ब २५ करोड अधिकृत पुंजी रहेको छ । बैंकले चालु आर्थिक वर्षको समिक्षा अवधिसम्म ३० अर्ब रूपैयाँ निक्षेप सङकलन गरेको र २५ अर्ब रूपैयाँ लगानी गरेको पौडेलले बताए ।

## कृषि विकास बैंकको लाभांस

कृषि विकास बैंकले आत्ना शेयरधनीहरूलाई लाभांस प्रस्ताव गरेको छ । बैंकले प्रिफरेन्स शेयरवापत शेयरधनीहरूलाई प्रतिशेयर ६ रूपैयाँ र साधारणँ शेयरधनीहरूलाई ५ रूपैयाँ २६ पैसा लाभांस वितरणँ गर्ने प्रस्ताव गरेको हो । बैंकले ३ वर्ष अगाडि सर्वसाधरणँलाई शेयर बिक्री गरेको थियो । शेयर बिक्री पश्चात बैंकले पहिलो पटक लाभांस बितरणँ प्रस्ताव गरेको हो ।

बैंकको चुक्ता पूँजी ९ अर्ब ४७ करोड ४३ लाख रूपैयाँ रहेको छ । बैंकमा १ अर्ब ६२ करोड ५० लाख रूपैयाँ बराबरको शेयर हिस्सा सरकारको छ भने १ अर्ब ४१ करोड २५ लाख रूपैयाँ बराबरको शेयर हिस्सा सर्वसाधरणँको रहेको छ । मुलुककै सबैभन्दा बढी शेयर धनी भएको यो बैंकमा २ लाख २८ हजार भन्दा बढी शेयरधनी रहेका छन् । बैंकका देशभर २ सय ४३ वटा शाखा कार्यालयहरू संचालनमा रहेका छन् । बैंकमा ७ लाख ५५ हजार जना निक्षेपकर्ताहरू रहेका छन् । यस बैंकको आइतबार नेप्सेमा प्रतिकित्ता २ सय ११ रूपैयाँका दरले शेयर कारोबार भएको छ ।

बैंकले दिएको जानकारी अनुसार नगद लाभांशका लागि बैंकले झण्डै ५० करोड रूपैयाँ छुट्याउनुपर्ने छ । बैंकले चालु आर्थिक वर्षको पुस मसान्तसम्म अघिल्लो वर्षको सोही अवधिको तुलनामा झण्डै ८ करोड रूपैयाँ बढी ५४ करोड ६३ लाख रूपैयाँ खुद नाफा कमाएको छ ।

## विभिन्न ठाउँबाट अवैध सामान बरामद

सिरहा । सिरहा जिल्लाको रामनगर ५ स्थित कटारी चोकबाट एपीएफ टोलीले दुई ट्रक खयरको काठ बरामद गरेको छ । मिर्चैया-कटारी सडकखण्डमा पर्ने सो ठाउँमा एपीएफ टोलीले जाँच गर्ने क्रममा खयरको काठसहितको ट्रक बरामद गरेको हो । ओखलढुंगाबाट ना.३ ख ८७९४ र ना.३ ख ८८४३ नम्बरको ट्रकमा अवैध रुपले बाराको निजगढतर्फ लैजादै गरेको अवस्थामा राती करीव पौने नौ वजे सशस्त्र प्रहरी बल सुरक्षा वेस मिर्चैयाबाट गस्तीमा खटिएको एपीएफ टोलीले उक्त काठ फेला पारेको थियो ।

त्यसवेला गाडी चालक तथा सहचालक गरी चार जनालाई एपीएफ टोलीले पक्राउ समेत गरेको छ । उनीहरूलाई बरामद काठ तथा ट्रकसहितै एपीएफ टोलीले आवश्यक कारवाहीको लागि इलाका वन कार्यालय मिर्चैयामा बुझाएको छ । यसैगरी सशस्त्र प्रहरी बल पाथिभरा गण झापाबाट खटिएको एपीएफ टोलीले बैशाख २० गते दमक नगरपालिका ९ बाट करीव साँढे दुई लाख रूपैयाँ बराबरको ८५ क्यूफिट बराबरको सखुवाको चिरान तथा गोलिया काठ बरामद गरी आवश्यक कारवाहीको लागि स्थानीय वन कार्यालयमा बुझाएको छ ।

त्यसैगरी भन्सार छली ल्याइएको मोटरपार्टस् सिरहाकै चन्द्रअयोध्यापुर गाविस २ स्थित पानबारी भन्ने स्थानबाट एपीएफ टोलीले रामद गरेको छ । सशस्त्र प्रहरी बल सुरक्षा बेस मार्डरबाट गस्तीमा खटिएको एपीएफ टोलीले करीब एक लाख दश हजार रूपैयाँ बराबरको चोरीपैठारीको उक्त मोटरपार्टस् बरामद गरेको हो । चोरीपैठरी गरी नेपाल भित्र्याउन लागेको अवस्थामा एपीएफ टोलीले फेला पारेको उक्त सामान आवश्यक कारवाहीको लागि भन्सार कार्यालय मार्डरमा बुझाइएको छ ।

त्यस्तै सर्लाहीको खोरियाबाट एपीएफ टोलीले झण्डै डेढ लाख रूपैयाँ बराबरको चोरीपैठारीको रासायनिक मल बरामद गरेको छ । भन्सार छली ल्याइएको एक सय ३० बोरा युरिया मल तथा मल ल्याउन प्रयोग भएका चारवटा वयलगाढा सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय सर्लाहीबाट खटिएको एपीएफ टोलीले बैशाख १९ गते बरामद गरेको हो । एपीएफ टोलीले बरामद रासायनिक मल आवश्यक कारवाहीको लागि सर्लाही भन्सार कार्यालयमा बुझाएको छ । यसैगरी सर्लाहीकै मधुवनी५ बाट त्यसैदिन एपीएफ टोलीले चोरीपैठारीको लत्ताकपडा तथा चिनी बरामद गरेको छ ।

## दमन गरे...

अगाडि बढाईएको हुनाले चार दल र खिलराज रेग्मी नेतृत्वको सरकारले कुनै निर्णय गरेपनि त्यस्ता निर्णयहरू कार्यानवयन हुन नसक्ने ठोकुवा समेत गरेका छन् । चारदल भन्दा बाहिर रहेका सबै दलहरूको गोलमेच सम्मेलन गरी दलीय सरकारको निर्माण नभएसम्म मुलुकले कुनै निकास नपाउने भएको हुनाले एकल जातीय पहिचानको आन्दोलनबाट कर्मचारी नेतृत्वको सरकार ढाल्ने चेतावनी समेत दिएका छन् । सम्भवनै नभएको चुनावको नारा दिएर गैरदलदीय राजनीतिक सरकार थाम्न चार दलका नेताहरू असफल भएकाले उनीहरूकै कारण मुलुक अस्तव्यस्त भएको आरोप समेत लगाएका छन ।

सोही कार्यक्रममा बोल्दै उपाध्यक्ष गजुरेलले नेकपा माओवादी लगायत अन्य ३३ दललाई बाहिर राखेर मंसिरमा निर्वाचन गरेर देखाउन चार दल र रेग्मी सरकारलाई ठाडो चुनौती समेत दिनपछि परेनन् । त्यसै प्रसङ्गमा बोल्दै गजुरेलले सञ्चारकर्मीलाई खुला ईजलासमा बसेर सर्वोच्च अदालतको कामकारवाहीको समाचार संलग्न गर्न पत्रकारलाई रोक लगाएर सर्वोच्चअदालतबाटै सञ्चारकर्मीलाई दमन गर्ने प्रयास गरीएको भन्दै त्यसप्रति गम्भीर आपति प्रकट गरेका छन् । सर्वसाधारण नागरिकलाई सूसूचीत गर्ने कार्य पत्रकारको भएको हुनाले पत्रकार हरूले विना रोकटोक समाचार संकलन गर्न पाउनु पर्दछ भन्ने पक्षमा आफ्नो पार्टी अडिक रहेको बताएका छन् । पछिल्लो समयमा चारदल र नेकपा माओवादी सहितका ३३ साना दलका नेताहरू जिल्ला दौडामा निस्केका हुनाले मुलुक अब निर्वाचनको माहौलमा जाने कि भिडन्तमा भन्ने प्रश्न समेत उब्जिएको छ ।

## दलहरुमा...

अर्जुनदृष्टि सत्तामा टिकेको छ । चुनाव कसरी सहज र सर्वमान्य गर्ने भन्ने चिन्ता र चासो एउटा नेताले पनि देखाएका छैनन् ।

०६४ सालको संविधानसाको निर्वाचनपछि २०६९ जेठ १४सम्मको कार्यकालमा ८० प्रतिशत काम भइसक्दा पनि संविधान बन्न सकेन । समस्या हिजो जहाँ थियो, आज पनि त्यहीँ छ । समस्या संवोधन गर्न सिण्डिकेट तयार छैन । संविधानसभाको चुनाव त गर्ने के का लागि ? संविधानका लागि हो भने कुन पद्दतिमा जाने ? राज्यको पुनर्संरचना कसरी गर्ने ? संघीयताको मोडल कस्तो हुने ? कुनैपनि नेताले जनताबीच यी प्रश्नहरू बहसमा लगेका छैनन् । यसकारण पनि संविधानसभाको चुनाव हुन्छ भन्न सकिन्न । भइहाले पनि यिनै विवादको सिकार भएर संविधानसभा भाग–२ पनि उपलब्धिहीन भएर समाप्त हुनेछ ।

सहमतिको विकल्प हिजो थिएन, आज पनि छैन र भोली पनि हुने छैन । बिना सहमति संविधान बन्दैन भने निर्वाचन किन गर्ने ? असारमा गर्ने भनिए पनि सम्भावना कात्तिक–मंसिरमा सरेको छ । अफैसम्म पद्धतिमा प्रष्टता छैन ।भारतले भाषिक संघीयतामा जाउ भनेको छ भने चीनले जातीय संघीयतामा जाँदा अस्थिरता हुन्छ, भनेको छ । पश्चिमाहरू जाती उफार्न थालेका छन् । राजनीतिक दलहरू एकै थलोमा बसेर यसै गर्ने भन्न सकिरहेका छैनन् । दलहरू एक अर्काप्रति आक्षेप लगाउँदै छन् । यस्तो तिक्त अवस्थामा चुनाव कसरी सम्भव छ ।

यता नेकपा-माओवादी ११ बुँदे सहमति, २५ बुँदे बाधा अड्काउ फुकाउ, खिलराज रेग्मी सरकरको विघठन र गोलमेच सम्मेलनमार्फत् राष्ट्रिय सरकारको निर्माणको माग गरेर सडक आन्दोलनमा होमिएको छ । आन्दोलन सुरु भइसकेको छ । चौथो ठूलो दलसहितका ३३ दलको आन्दोलनले चुनाव भाँड्ने निश्चित छ । तैपनि सहमति निर्माण गर्न सिण्डिकेट सतर्क छैन । अनि कसरी हुन्छ चुनाव ?

## भीडतन्त्रले...

कार्की प्रकरण ठूलै नाटकका बीचमा सम्पन्न भएको छ । कार्कीको नाम एमालेले प्रस्ताव गरेको थियो । कांग्रेसले सहमति जनाएपछि चार दलको संयन्त्रको बैठकले पारित गरेर संवैधानिक परिषद् पठाएको थियो । जब अधिकारकर्मीले कार्कीलाई 'दमनकारी' भनेर प्रचारवाजी गरे पनि कांग्रेस, एमालेले कार्कीलाई नियुक्त गर्न हुन्न भनेर समर्थन फिर्ता लियो । तर प्रचण्ड र मधेशी मोर्चाले 'पछि हट्न सकिन्नँ' भन्ने अडान लियो । नभन्दै राष्ट्रपतिले कानुनतः मिल्ने कानुनी सल्लाहकारहरूको सुझावका आधारमा शपथग्रहण गराए । मिडिया हाउसहरू, कर छल्नेहरू तीन चित्त खाए भन्ने चर्चा समेत चल्न थालेको छ ।

## भ्रष्ट र...

खुलेर लागेका थिए । संवैधानिक परिषद्सले पनि त्यत्तिकै हचुवाको भरमा कार्कीलाई नियुक्त गरेको होइन होला ? उच्चस्तरीय राजनीतिक संयन्त्रले पनि कार्कीको सिफारिस गरेकै थियो । पहिला चारै दलले एक मतले सर्वसम्मत निर्णय गर्ने अनि पछि फेरि त्यसको विरोध गर्ने प्रवृत्तिले किमार्थ दलहरूको विश्वसनीयतामाथि उठाउन सक्दैन । कार्कीलाई कृष्णजंग रायमाझीको अध्यक्षतामा गठीत उच्चस्तरीय छानविन आयोगले दोषि ठहर गरेको हुनाले उनी अयोग्य हुन भन्ने केही व्यक्तिहरूको तर्क सोझै जनतालाई गुमराहामा पार्ने जाल मात्र हो । आयोगले दोषी ठहर गरेका धेरै व्यक्तिहरू अलिहे पनि बढुवा भइ सचिव पदमा बहाल रहेका छन् । आयोगले दोषी ठहर गरेका व्यक्तिलाई अख्तियारमा नियुक्त गर्न नमिलने भन्दै सर्वोच्च अदालतमा परेको रिटमा सर्वोच्चको अन्तरिम आदेशले खारेज गरिसकेको अवस्थामा फेरि त्यसैलाई मुद्दा बनाइनु कार्कीमाथि अन्याय हुनु हो ।

कार्कीको विरोधमा उत्रिएकाव्यक्तिहरुले अख्तियारले समेत कार्कीलाई सरकारी सेवामा आयोग्य भनि निर्णय गरिसकेको भनेर गुमराहा पार्ने प्रयास भएको थियो । जनआन्दोलनको दोषी माथि छानविन गर्न गठित रायमाझी आयोगको सिफारिस अनुरूप केही गर्नु नपर्ने गरी अख्तियारबाट २०६५ असार ३० गते निर्णय भइसकेको छ । यसरी हुँदै नभएको निर्णय भयो भनेर कसलाई खुसी पार्ने कार्यमा केही व्यक्तिहरु लागि परेका छन् । कार्कीले हुप्रबाट २०४२ सालमा जागिर सुरु गरेको सत्य हो । हुप्रबाट जागिर खाएका व्यक्तिहरू केही अवकासप्राप्त गरी पेन्सन समेत खाएर बसेका छन् । तर कार्की त बढुवा हुँदै सहसचिव, सचिव हुँदै मुख्यसचिवसमेत भइसकेका हुनाले उनी अयोग हुन भन्ने अधिकार अदालतबाहेक अन्य कसैलाई नभएको हुनाले राष्ट्रपतिले संवैधानिक पपिरषद्को निर्णय अनुसार नियुक्ति गरेका छन् । कार्की अख्तियार प्रमुख भएमा केही भ्रष्ट कर्मचारी र केही राजस्वमाराहरू पक्राउ पर्ने डरले कार्कीको विरूद्धमा खनिएको एक सचिवले बताएका छन् ।

## सचिवका कारण...

नारायणकाजी श्रेष्ठसमेत अधिकारीसँग रूष्ट बनेका थिए । टावर निर्माणको सम्बन्धीत कागजात नियन्त्रणमा लिएर अख्तियारको स्थानीय महाशाखाबाट सात बुँदे थप अनुसन्धान कारबाहीको राय अख्तियारमा पेश गरेको थियो । बोलपत्र स्वीकृतको कुनै प्रकृया पुरा नगरिएको टावर निर्माणका लागी प्रस्ताव आवहान गर्दा तोकीएको सर्तहरू सिमित कम्पनीका लागि अनुकुल बनाईएको कुन ऐन र कानुनको प्रावधानमा टावर बनाउन लागीएको हो भन्ने प्रष्ट नभएको, महानगर बोड बाट निर्माणको निर्णय समेत नगराएको ठेकेदार कम्पनीले पेश गरेको कागजातमा प्रमाणीताको अभाव भएको अख्तियारले ठहर गरेको छ ।

अख्तियारको प्रारम्भिक छानविनले कुनै प्रकृया पुरा नगरी हतार हतारमा कार्यकारी अधिकृतले टेण्डर स्वीकृत गरेको खरीद ईकाई बाट हुनुपर्ने काम प्रशासन महाशाखाबाट सुरु गरी सोझै कार्यकारी अधिकृतले स्वीकृत गर्नु शंकास्पद रहेको अख्तियारको ठहर रहेको छ । हिसीला यमीको दवाबमै कार्यकारी अधिकृतले अख्तियारले छानविन कार्यमा अवरोध सृजना हुन सक्ने भएको हुनाले घटनामा संलग्न कर्मचारीलाई निलम्ब गर्न दिएको आदेशलाई ठाडै वेवस्ता गर्दै कार्यकारी अधिकृतनै भ्रष्टाचारीहरूलाई बचाउन लागीपरेका छन् । महानगर सुत्रका अनुसार कर्मचारीहरुलाइ निलम्बन गरेको खण्डमा उनीहरूले कार्यकारी अधिकृतलाई पोल्न सक्ने भएकाले कार्यकारी अधिकृत अधिकारीले हालसम्म भ्रष्टाचारीहरुकै पक्षमा आफु उभिएको बताउदै उनीहरुमाथी कुनै कारवाही नहुने उदघोष गरेर आफै भ्रष्टाचारमा चुर्लुम्म डुबेका छन् । अख्तियारमा एमाओवादीकै सरकार रहेको बेला एमाओवादी समर्थनक मानीएका गणेशराज जोशीलाई सचिव बनाएको र हिसीला यमी र सचिव जोशी बिच राम्रो सम्बन्ध भएको हुनाले महानगर पालिकाका अधिकृत अधिकारी लाई समेत नेतृ यमीको राम्रो आशिर्वाद रहेको हुनाले अधिकारी माथी कारबाही हुने कुरामा महानगरपालिका भित्रै आशंका उब्जिएको एक सुत्रले दावी गरेको छ । सुत्रका अनुसार अधिकृत अधिकारीले भ्रष्टाचारको रेकर्ड तोडेका भएपनि उनीमाथी कारबाही नहुनुको पछाडी अख्तियारका सचिव जोशीको हात रहेको दावी गरेको छ ।

## राष्ट्रपतिले...

राष्ट्रपतिले जनकपुरमा चिहान बनाइदिन आग्रह गरेपछि गतहप्ता थाई राजदूत जनकपुर पुगेर चिहान कहाँ बनाइदिने भनेर अध्ययन भ्रमण गरेकी छन् । दूयमती नदी किनार उपयुक्त कि रत्नगर मन्दिर परिसर ? यस विषयमा राष्ट्रपतिलाई प्रस्ताव पठाइएको छ । राष्ट्रपतिले जहाँ भन्छन्, थाई सरकारले त्यही स्थानमा चिहान बनाइदिने निर्णय गरेको छ ।

क्रिमसेन सेन्टर, थाई व्यापारीको संगठन हो । यो संगठनले थुपारेको पैसा विदेशमा दान दिने गरिन्छ । त्यही पैसा लिन राष्ट्रपतिले दानपत्र थापेका छन् र थाई राजदूतले दान दिने भएका छन् । थाईल्याण्डले जनकपुरमा चिहान बनाइदिए, आश्चर्य छैन त ?

## नेपालको कानुन..

जिल्लाबाट जेल पुनरावेदनबाट पुरस्कार । गाउँतिर भन्ने गरिन्छ, न्यायको नौ सिङ हुन्छ । यो कति सिंगे फैसला पऱ्यो, सबै चुपचाप छन् ।

## सत्यनिरुपण..

भेट गरि अध्यादेश संशोधन गर्न अनुरोध गर्दै संशोधन नभए आफुहरूले सहयोग गर्न नसक्ने उद्घोष गरेपछि सरकारलाई अध्यादेश संशोधन गर्न दबाब परेको छ । सर्वोच्च अदालतले समेत अध्यादेशका बारेमा परेको रिटमा तत्काल कुनै कार्य अगाडि नबढाउन आदेश दिइसकेको अवस्थामा अध्यादेश अर्थहीन बनेको छ । दातृ निकायहरुले सञ्चारमाध्यम र मानवअधिकार कर्मीहरूले उठाएका विषयका बारेमा सरकारले संशोधन गर्नु पर्ने र अध्यादेश अन्तर्राष्ट्रि मापदण्ड अनुसारको हुनुपर्ने बताउँदै त्यसो भएको खण्डमा मात्र दातृ निकायहरूले सहयोग गर्न सक्ने बताएपछि खिलराज रेग्मी नेतृत्वको सरकार अलमलमा परेको छ । एक मन्त्रीका अनुसार निर्वाचनका लागि मात्र गठन भएको हुनाले अध्यादेशका बारेमा पछि आउने सरकारलाई छोडिदिने पक्षमा सरकार रहेको बताएका छन् ।

# अवसरवादीबाट सतर्क हुन जरूरी

*राजेश अहिराज*

चर्को र क्रान्तिकारी भाषण दिएर आकर्षक अवधारणासहितको दल खोली सत्तासीन भएका मधेशी मन्त्री र नेताहरूबाट गत पाँच वर्षमा थप विभेद र अन्यायको शिकार हुनु परेका आम मधेशीहरु आफ्नै नेतृत्वबाट ठगिएका छन् । जनमत आकर्षित गर्न मधेशमा चर्को भाषण, आश्वासन र उपहारको राजनीति प्रारम्भ भएको छ । भ्रष्टाचार गरी कमाएका अकूत सम्पत्तिमध्ये केही प्रतिशत बराबरको भौतिक सामग्री वितरण गरी लोकप्रियता प्राप्त गर्ने रणनीतिमा मधेशका केही नेताहरु लागिपरेका छन् । जनतालाई सोझा वा मुर्ख ठान्नेहरु मधेशमा सामान वितरण गरी जनाधार तयार गर्न सकिन्छ कि भन्ने सोचमा छन् । मधेश कित्तामा राजनीति गर्ने नेताहरु कसले कसलाई र किन गाली गर्छन् ? काठमाडौंमा सहकार्य गर्ने र मधेशमा विरोधीझैं प्रस्तुत हुने, मधेशवादको नाममा सत्तारोहण गरी भ्रष्टाचार गर्ने र मधेशमा पुग्दा आफू पहाडीपीडित भएको गुनासो गर्ने प्रवृत्तिबाट आममधेशी जनता भिज्ञ भइसकेका छन् । मधेशको जल, जमिन र जंगलको संरक्षण दिन नसकेका मधेशवादी नेताहरु कसका लागि र किन मधेशमा सक्रिय छन् भनी सबैलाई थाहा छ । आ-आफ्नो पार्टीबाट मधेश कित्तामा राजनीति गर्न हामफालेका मधेशी मूलका नेताहरूको आगमनबाट हर्षित भएका आममधेशीहरु ती नेताका भित्री कुरा र चरित्र बुझिसक्दा दुःखित भएका छन् । मधेशमा शिक्षा, कृषि, रोजगार, शान्ति, विकास र सम्मानको मुद्दालाई थाँती राखेर भ्रष्टाचार, जातिवाद र खसभक्ति गरेका अधिकांश मधेशी नेताका अनुहार उदाङ्गिएको छ । सरकारमा जान मोर्चाबन्दी गर्ने र जेल जानुपर्दा मोर्चालाई गाली गर्ने । आफू सरकारमा हुँदा कांग्रेस, एमाले र माओवादीभित्रका मान्छेलाई स्थान दिएर मधेशवादीहरूको मानमर्दन गर्ने र सरकारबाट बाहिर निस्केर चरम मधेशवादी बन्न खोज्ने दोहोरो चरित्रबाट मधेशवादको राजनीति फोहोर भएको छ । ठूला दलका सिपाहीहरूलाई ठूला दलमै फर्काइनु पर्छ ।


**उठाऔं सबैले जोडदार आवाज, बनाऔं मानव बेचविखन मुक्त समाज ।**

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९, बजार व्यवस्थापक : मनोज खड्का (९८४१८१६०७६) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार